
# लेखापरीक्षण प्रतिवेदन

# साल्पासिलिछो गाउँपालिका, भोजपुर

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## साल्पासिलिछो गाउँपालिका, भोजपुर

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**

**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/129

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्ष ज्यू,

साल्पासिलिछो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

भोजपुर।

### कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणवाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.५ करोड ८७ लाख ७४ हजार, एकीकृत

स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.७९ लाख ७८ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.३ लाख ५ हजार र पर्यटन पूर्वाधार रु.१ लाख ५० हजार समेत गरी रु.५ करोड ८५ लाख ५८ हजार समावेश गरेको छैन ।

२. गाउँपालिकाको रु ९४ करोड ३० लाख १९ हजार लेखापरीक्षण गरिएकोमा रु २ करोड ७२ लाख ९८ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा असुल गर्नुपर्ने रु २२ लाख २७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु १ करोड २७ लाख ९ हजार, नियमित गर्नुपर्ने रु १ करोड २२ लाख ९१ हजार र पेश्की बाँकी रु ७१ हजार रहेको छ । गत वर्षसम्म रु ७ करोड ६३ लाख ३७ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु ९ करोड ७१ लाख ४6 हजार रहेको छ ।बेरुजु बर्गीकरण,अद्यावधिक बेरुजु स्थिति र बेरुजु संपरीक्षणको ब्यहोरा यसैसाथ संलग्न छ ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८,१४,१७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन ।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । एकीकृत वित्तीय विरण तयार गर्ने **साल्पासिलिछो** गाउँपालिकासँग हामी स्वतन्त्र छौ । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरु राय ब्यक्त गर्न पर्याप्त छौ ।

### अन्य ब्यहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका ब्यहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ ।

### वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **साल्पासिलिछो** गाउँपालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित

आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ९५ | ९६ | २७२९८०२१ | १ | ० | ० | ० | ९४ | ९६ | २७२९८०२१ | २२२७३५३ | १२२९१२७३ | १२७०८३९५ | ० | ० | २४९९९६६८ | ७१०00 |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| भोजपुर | ७,६३,३७,००० | ० | ६४,८९,४६५ | ६,९८,४७,५३५ | ० | २,७२,९८,०२१ | ९,७१,४५,५५६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९/८० | ७५ | सोझै खरिद | ३०५९७००.० |
| २ | २०७८/७९ | ४५ | सिकाई सहजीकरणको लागी शैक्षिक कार्यक्रमः | ४९९७६५.० |
| ३ | २०७८/७९ | ३९ | दोहोरो भुक्तानी | ५००००.० |
| ४ | २०८०/८१ | २५ | बजेट तथा कार्यक्रम तर्जुमा | ०.० |
| ५ | २०७९/८० | ३७ | उपभोक्ता समितिबाट काम गराएको | २८८००००.० |

| | |
|---|---|
| जम्मा | ६४,८९,४६५ |

# (८०१०७५०६३०० - साल्पासिलिछो गाउँपालिका, भोजपुर )

# परिचय

१ **परिचय**

**(क) कार्यालयको परिचयः** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल १९३ वर्ग किलोमिटर तथा १२२८४ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।१२ देखि २०८१।०६।०८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ जम्मा रु.९४३०१९६३७.२१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय बिबरणको परीक्षण**

·स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा

राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ६,६५,३३,५२३.८८ | ६,६५,३३,५२३.८८ | ७,०३,१६,९९१.२६ | ७,०३,१६,९९१.२६ |
| १३००० | अनुदान | २७,८१,३५,८२७.०१ | २७,८१,३५,८२७.०१ | २७,९८,४७,२२७.६७ | २७,९८,४७,२२७.६७ |
| १४००० | अन्य राजस्व | १,४५,५९,२४५.०७ | १,४५,५९,२४५.०७ | १,२९,८३,५०५.९५ | १,२९,८३,५०५.९५ |
| १५००० | विविध प्राप्ति | १८,८००.०० | १८,८००.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ३५,९२,४७,३९५.९६ | ३५,९२,४७,३९५.९६ | ३६,३१,४७,७२४.८८ | ३६,३१,४७,७२४.८८ |
| ३ | चालु | २६,५६,१०,७४३.५२ | २६,५६,१०,७४३.५२ | २४,६६,७०,५५०.८२ | २४,६६,७०,५५०.८२ |
| २१००० | पारिश्रमिक / सुविधा | १६,४३,४१,१३९.२३ | १६,४३,४१,१३९.२३ | १७,१९,०१,२५०.६९ | १७,१९,०१,२५०.६९ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ७,१०,५३,२०२.८१ | ७,१०,५३,२०२.८१ | ६,३८,३२,६५६.१३ | ६,३८,३२,६५६.१३ |
| २५००० | सहायता (Subsidy) | २,१४,९९,४२८.४८ | २,१४,९९,४२८.४८ | ६,९३,५४०.०० | ६,९३,५४०.०० |
| २७००० | सामाजिक सुरक्षा | ६३,९५,४२३.०० | ६३,९५,४२३.०० | ८१,७५,१४४.०० | ८१,७५,१४४.०० |
| २८००० | अन्य खर्च | २३,२१,५५०.०० | २३,२१,५५०.०० | २०,६७,९६०.०० | २०,६७,९६०.०० |
| ४ | पूंजीगत | १२,४६,४०,९१७.९५ | १२,४६,४०,९१७.९५ | १०,४४,६५,२७३.६२ | १०,४४,६५,२७३.६२ |
| ३१११० | भवन तथा संरचना | ३,९१,००,५९६.०० | ३,९१,००,५९६.०० | ३,११,९६,६६३.०० | ३,११,९६,६६३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५५,४०,७२३.०० | ५५,४०,७२३.०० | ९७,०५,७८७.८४ | ९७,०५,७८७.८४ |
| ३११३० | अन्य पूँजीगत खर्च | २१,३९,५१४.०० | २१,३९,५१४.०० | १५,८७,९५१.९९ | १५,८७,९५१.९९ |
| ३११४० | सुरक्षा उपकरण | ० | ० | २,८८,०००.०० | २,८८,०००.०० |
| ३११५० | सार्वजनिक निर्माण | ६,५४,८८,४०२.९५ | ६,५४,८८,४०२.९५ | ५,७९,६६,०५३.२९ | ५,७९,६६,०५३.२९ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ३१,२८,१००.०० | ३१,२८,१००.०० | ५,३५,०००.०० | ५,३५,०००.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ९२,४३,५८२.०० | ९२,४३,५८२.०० | ३१,८५,८१७.५० | ३१,८५,८१७.५० |
| ख) | कुल जम्मा भुक्तानी | ३९,०२,५१,६६१.४७ | ३९,०२,५१,६६१.४७ | ३५,११,३५,८२४.४४ | ३५,११,३५,८२४.४४ |
| ग) | बचत /कमी (ग = क-ख ) | (३,१०,०४,२६५.५१) | (३,१०,०४,२६५.५१) | १,२०,११,९००.४४ | १,२०,११,९००.४४ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | २४,३६,५०६.६५ | २४,३६,५०६.६५ | (५,८६,३१०.५२) | (५,८६,३१०.५२) |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | (२,८५,६७,७५८.८६) | (२,८५,६७,७५८.८६) | १,१४,२५,५८९.९२ | १,१४,२५,५८९.९२ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ५,१२,७२,३७१.३३ | ५,१२,७२,३७१.३३ | ३,९८,४६,७८१.४१ | ३,९८,४६,७८१.४१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | २,२७,०४,६१२.४७ | २,२७,०४,६१२.४७ | ५,१२,७२,३७१.३३ | ५,१२,७२,३७१.३३ |

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५८७७४३०६ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.७९७८४९६ स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.३०५००० र पर्यटन पूर्वाधार रु.१५०००० समेत गरी रु.५८५५७८०२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

## ४ फरक हिसाब

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.० , यस वर्षको प्राप्ति रु. -९७९५२८५६.५९ यस वर्षको भुक्तानी -९८००४२२९.८४ र बैङ्क मौज्दात रु.५१३७३.२५ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५१२७२३७१.३३ | ३५९२४७३९५.९६ | ३८७८१५१५४.८२ | २२७०४६१२.४७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ५१२७२३७१.३३ | ४५७२००२५२.५५ | ४८५८१९३८४.६६ | २२६५३२३९.२२ |
| फरक | ० | -९७९५२८५६.५९ | -९८००४२२९.८४ | ५१३७३.२५ |

## ५ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना २०८०।८१ देखि २०८४।८५ तयार गरेको छ । पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई ध्यानमा राखी बजेट तथा कार्यक्रम तयार गर्नुपर्दछ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ६ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत

अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ

## ७ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| क्र. सं | बजेट शीर्षक उपशीर्षक | कुल खर्च | | त्रैमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| **जम्मा** | | **१२४६४०९१७.९५** | **१३०००००** | **१५४३७६७९.११** | **१६४६४३४०.९९** | **९१४३८८९७.८५** | **५७७१८८१२.७७** |
| **प्रतिशत** | | १०० | १.२ | १२.२ | १३.४ | ७३ | ४६ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१२४६४०९१७ .निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१३०००००(१.२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१५४३७६७१ (१२.२ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१६४६४३४९ (१३.४ प्रतिशत) र चौथो त्रैमासकिमा रु.९१४३८८९७.८५ (७३ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५७७१८८१२.७७ (४६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ८ बजेट अवण्डा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१७९३९००० अबण्डा बजेट पूजीगत शीर्षकमा व्यवस्था गरी २६ योजनामा रु.७२७७६१५ खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ । अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट / खर्च |
|---|---|---|
| १ | कुलुंग पोस्टमार्टम घर निर्माण | ४,१३,६४५ |
| २ | अनुसार कुलुंग स्वास्थ्य चौकी फार्मेसी व्यस्थापन तथा निर्माण | १,२०,६५४.९४ |
| ३ | टासी छ्योलिङ गुम्बा लामाघर निर्माण उपभोक्ता समिति | ४,९०,८५७ |
| ४ | ओखरबोटे बलौटे भन्ज्यांग हुदै खोटांग जोड्ने सडकको | ८,९४,२०७ |
| ५ | च्याकशिला साल्पा हुदै खोटांग जोड्ने सडकको | ९,१५,११६ |
| ६ | साल्पासिलिछो कंटक्सनलाई | ३,४६,०९७ |
| ७ | टासी छ्योलिङ गुम्बा लामाघर निर्माण उपभोक्ता समिति | ९०,८५७ |
| ८ | सडक बोर्डको रकमसँग साझेदारी | ७,०४,२५६ |
| ९ | च्याक्सिला हुदै सोलु जोडने सडक निर्माण | १३,६२,९६२ |
| १० | ओखरबोटे बलौटे भन्ज्याङ हुँदै खोटाङ जोड्ने सडक निर्माण | १९,२०,००० |

## ९ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।०९ मा रु ४३ करोड ८० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १० क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्यक्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ३,०४,०१,८८३.०० | २,७७,२१,२२१.१३ | ७.१० |
| सामाजिक क्षेत्र | २२,०७,९७,२४०.०० | २०,१७,९५,८०८.६६ | ५१.७० |
| पूर्वाधार विकास क्षेत्र | ९,२५,०४,८६०.०० | ७,४८,२१,२९१.३२ | १९.१७ |
| वातावरण तथा विपद् व्यवस्थापन | १,७६,३५,०००.०० | १,६२,८५,८०३.०० | ४.१७ |
| संस्थागत विकास र सेवाप्रवाह | | | |
| वित्तीय व्यवस्थापन र सुशासन | | | |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ७,६६,९६,९२१.८० | ६,९६,२७,५३७.३६ | १७.८६ |
| **जम्मा** | ४३,८०,३५,९०४.८० | ३९,०२,५१,६६१.४७ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा .मा सबैभन्दा बढी ५१.७० प्रतिशत र वातावरण तथा विपद ब्यवस्थापन,संस्थागत विकास र सेवाप्रवाह र वित्तीय ब्यवस्थापन र सेवाप्रवाहमा सबै भन्दा घटीमा ४.१७ प्रतिशत रहेको छ ।

आर्थिक बर्ष २०८०।८१ मा गाउँ सभाबाट रु.४३८०३५९०४.८० को बजेट विनियोजन भएकोमा खर्च रु.३९०२५१६६१.४७ (८९ प्रतिशत) खर्च रहेको छ ।

## ११ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· बिल भर्पाइ भुक्तानी गर्दा अख्तियारी प्रमुख, कार्यलय प्रमुखको हस्ताक्षर गरेर मात्र भुक्तानी गर्नु पर्नेमा कतिपयमा सो गरेको देखिएन ।

· स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानिय तहले सामाजिक सेवा प्रभावकारी दिगो र भरपर्दो बनाउन सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइको व्यवस्था गरी यसलाई निरन्तरता दिनु पर्छ ।

· योजनाहरुको बिल भर्पाइको रकम अषाढ महिनाको दोस्रो साता सम्ममा भुक्तानी हुँने गरी व्यवस्था मिलाई आर्थिक पारदर्शिता र सुशासन कायम गर्नुपर्ने देखिन्छ ।

· आर्थिक ऐन नियम निर्देशिका परिपत्र आदि समय समय मा परिवर्तन भइ रहने हुनाले आर्थिक प्रशासन शाखा र आ.ले.प शाखाको लागी प्रत्येक वर्ष को.ले.नि.का सँग समन्वय गरि छोटो अवधिको तालिमको व्यवस्था गर्नु पर्ने देखियो ।

· कोटेसनबाट सामान खरिद गर्दा अनिवार्य रुपमा ३ तिन वटा फर्मको दर्ता, नविकरण र कर चुक्ता विवरण लिएर मात्र गर्नु पर्ने देखिन्छ ।

· उपभोक्ता समिति वाट हुँने योजनाको काम भन्दा ठेक्का प्रथावाट योजना संचालन गर्दा कम लागत पर्न आउने देखिएकोले पालिकाले ठेक्का प्रणालिको अवलम्वनमा जोड दिनुपर्ने देखिन्छ ।

· वडा कार्यालयको जिन्सी व्यवस्थापनको लागी सम्बन्धित पक्ष वाट अनुगमन गरी तोकिएको ढाँचामा जिन्सी व्यवस्थापन गर्नु लगाउनु पर्ने देखिन्छ । बजार अनुगमन भएको भए पनी अझ कडाइको साथ बजार अनुगमन गरी नगरक्षेत्रमा दर्ता नविकरण नभएका व्यवसायहरुलाइ दर्ता नविकरणको दायरामा ल्याइ नगरपालिकाको राजश्व वढाउनु पर्ने देखिन्छ ।

· पालिकाको जे.सि.वि. प्रयोग गर्न दिएवापतको तोकिएको शुल्क उठाई आन्तरिक राजश्व खातामा जम्मा गर्नु पर्ने व्यवस्था मिलाउनु पर्ने तथा जे सि वि सञ्चालनको छुट्टै कार्यविधि बनाउनुपर्ने देखिन्छ ।

· जिन्सी सरसामान फर्निचर, कम्प्युटर, ल्यापटप, मोटरसाइकल जस्ता सामानहरुलाइ जिन्सि संकेत नं. उल्लेख गरी अध्यावधिक गर्नु पर्ने देखियो ।

· योजना छनोट गर्नु पुर्व वातावरणिय प्रभाव मुल्याङ्कन आ.ई.ई गरेर मात्र योजना छनोट गर्न सकि योजनाको जोखिम पक्ष कम हुने देखिन्छ त्यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

· कार्यालय व्यवस्थापन तर्फ कर्मचारी तथा पदाधिकारीहरुको नेम प्लेट नागरिक वडापत्र सेवाग्राहिको लागी सहायता कक्ष सेवाग्राहि प्रवेश गर्दा र बाहिरिदा लक बुकको व्यवस्था प्रभावकारी रुपमा गर्नु गराउनु पर्ने देखिन्छ।

· मासिक त्रैमासिक र वार्षिक लक्ष्य तोकी कायम भएको बेरुजु फर्छौट गर्दै बेरुजुको मात्रा घटाउनुपर्ने देखिन्छ ।

· पालिकावाट उद्योग तथा व्यापार व्यवसाय दर्ता,नविकरण,खारेजी गर्दा तोकिएको शुल्क निर्णय गरिएको छ । यसरी लिने शुल्क व्यवसायको नाम र प्रकृतिको आधारमा लिने गरेको देखियो तसर्थ यसरी लिने शुल्क व्यवसायको नाम र प्रकृतिको आधारमा भन्दा कुल पुँजि लगानीको आधारमा लिदाँ बैज्ञानिक हुँने देखिन्छ ।

· उपभोक्ता समिती मार्फत हुने निर्माणको काम बापतको ढुवानी सेवाको लागि अनिवार्य रुपमा ढुवानीको पान विल हुनुपर्ने हुदाँ यसतर्फ पालिकाको आवश्यक ध्यान जानुपर्ने देखिन्छ।

· उपभोक्ता समिती मार्फत हुने योजनाको कामको लेवर पेमेन्ट विलमा कामदारको नागरिकताको प्रतिलिपि अनिवार्य रुपमा राखी योजना शाखाबाट सम्पुर्ण कागजात जाँच गरिमात्र भुक्तानीको लागि सिफारिस गर्नुपर्ने देखिन्छ।

· आ.व.को वार्षिक बजेटको कार्यक्रम तथा योजनाको अधिकांश रुपमा आ.व. को अन्तिममा मात्र सम्पन्न हुँदै आएकोमा यस प्रक्रियाको अन्त्य गरी समयमा नै योजना सम्पन्न गर्ने प्रावधानको व्यवस्था मिलाई नियमित गर्नुपर्ने देखिन्छ ।

· यस कार्यलयबाट पदाधिकारी कर्मचारी तथा सस्थागत रुपमा लिएको रकम समयमा नै पेश्की फर्छौट नगरेको देखिदा आगामी दिनमा पेश्की फर्छौट समयमानै गर्नु पर्ने देखिन्छ ।

· कार्यालयबाट नियमानुसार लगाइएका ठेक्का पट्टा तथा उपभोक्ता समिति मार्फत काम गरिएका योजनाहरुको भुक्तानी प्रक्रियाहुँदा नापी किताब लुजमा मात्र बनाई श्रेष्तामा राख्ने गरिएकोमा अबका दिनमा प्रत्येक ठेक्का तथा योजनाहरुको नापी किताब छट्टा छुट्टै बनाई राख्नु पर्ने देखिन्छ ।

· विभिन्न योजना, कार्यक्रम,ठेक्का, कोटेशन मार्फत काम गरे बापतको प्राप्त भएको पान विल तथा भ्याट विल Non-Filer भएको बिलहरुको भुक्तानी हुने गरेकोले सम्पुर्ण शाखाबाट www.ird.gov.npमा स्थायी लेखा नं. खोजीमा गई परिक्षण गरि मात्र भुक्तानीको लागि आर्थिक प्रशासन शाखामा पठाउनु पर्नेछ ।

· उपभोक्ता समिती मार्फत संचालन भएको योजनाहरुको अनुगमन प्रतिवेदन सार्वजानिक परिक्षण फारम अनिवार्य भर्नु पर्नेमा त्यसो गरेको देखिएन ।

· सेवा तथा कार्यक्रमको रकम भुक्तानी गर्दा पेश्की फर्छौट गर्न बाँकी तथा बेरुजु असुल गरेर मात्र भुक्तानी गर्नु पर्ने देखिन्छ।

· कुनै पनि कर्मचारी तथा पदाधिकारीको लागि अतिरिक्त सेवा सुविधा उपलब्ध गराउदा संघीय कानुन बाझिने गरी कार्यपालिका तथा गाउँ सभाको निर्णय बमोजिम मात्र भुक्तानी गर्न नमिल्ने ।

यस गाउँपालिकाबाट खरिद गरिने सामाग्रीहरु बढी मात्रामा टुक्रा पारि खरिद गर्ने प्रबृति बढेको हुनाले वार्षिक खरीद योजना तयार गरी बस्तु सेवा तथा परामर्श एकमुष्ट खरिद गर्नु पर्ने देखिन्छ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

## १२ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ४१ कर्मचारीको रु.१८७८६७२१.०८ शिक्षातर्फ १६७ शिक्षकहरुको रु.१०८४१७०६०५ र पालिकाका ९ कर्मचारीको रु.१०८४३१८४.३३ समेत रु.१३८०४६९७०.४१ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

## १३ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ५५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

## १४ मर्मत खर्च

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६(१) सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत सम्भार गर्नुपर्ने भए सोको लिखित जानकारी त्यस्तो मालसामानको उपयोगकर्ताले सो निकायको प्रमुखलाई दिनु पर्नेछ । त्यसरी जानकारी प्राप्त भएपछि निजले नियम १३ को उपनियम(५) बमोजिम लागत अनुमान तयार गराई स्वीकृत गर्नु पर्नेछ । जिन्सी मालसामान हानी नोक्सानी नहुने गरी संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गर्ने वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ ।यस वर्ष पालिकाले सवारी साधन मर्मतमा ३२४४५१०।३५ खर्च गरेको देखिन्छ ।फजुल मर्मत खर्चमा नियन्त्रण गरी मितब्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

## १५ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल १८३ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ८२ | १२ | ३३ | ३७ |
| २ | वडास्तरीय | १०१ | ० | ५ | ९६ |
| जम्मा | | १८३ | १२ | ३८ | १३३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १८३ योजनामात्र कार्यान्वियन भई ११ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## १६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त नमूना कानूनहरुको आधारमा यस पालिकाले हालसम्म तपसिल बमोजिमका कानुन कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

| विवरण | ऐन | नियमावली | कार्यविधि | निर्देशिका | नर्म्स | जम्मा |
|---|---|---|---|---|---|---|
| लेखापरीक्षण अवधिसम्म निर्माण भई कार्यान्वयनमा भएको कानून कार्यविधि निर्देशिका एवं नम्सको संख्या | २ | - | २३ | ४ | - | ३२ |

## १७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष पालिकाको न्यायीक समीतिको (उजुरी र फर्छौट) विवरण तपसिल बमोजिम रहेको छ ।

| **सि नं.** | **उजुरीको प्रकार** | **गतवर्षको बाँकी** | **यसवर्ष थप** | **जम्मा** | **यस वर्ष फर्छौट** | **फर्छौट हुन बाँकी** | **समयमै फर्छौट हुन नसक्नुको कारण** |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय सरकार सञ्चालन २०७४ को दफा ४७ क | २ | ७ | ९ | ३ | ३ | प्रक्रियामा रहेको । |
| २ | स्थानीय सरकार सञ्चालन २०७४ को दफा ४७ ख | ० | २ | २ | १ | | प्रक्रियामा रहेको । |

## १८ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ३१.२१ देखि १ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | कुलुङ देखि गोथेबजार सडक स्तरोन्नती | SRM/NCB/ROAD/04/080/81 | ए.पि.आर निर्माण सेवा | ३५७१५०० | ३५३५४४१ | १ |
| २ | गाउँपालिका प्रशासनिक भवन निर्माण | SRM/BNI/NCB/03/080/81 | एभरेषट रिजन रियाना मिसन एण ड भिजन ज>भि. | २५८८८५५८.५८ | २३३५९५५५.७२ | ९.७६ |
| ३ | ओखरबोटे बलौटे भन्ज्याङ हुँदै खोटांग जोड्ने सडक | SRM/RC/NCB/01/080/81 | साल्पा सिलिछौ कन्सट्रक्शन प्रा>लि. | ६५००००० | ४४७१०३४ | ३१.२१ |
| ४ | च्याक्सिला साल्पापोखरी हुँदै खोटाङ जोड्ने सडक | SRM/RC/NCB/02/080/81 | साल्पा सिलिछौ कन्सट्रक्शन प्रा>लि. | ६५००००० | ४५७५५७५ | २९.६ |
| ५ | आई.टी सामान खरिद | SRM/NCB/G.01/080/81 | पारागन आई.टी. सोलुशन प्रा.लि. | ८८५८४९७९ | ७१७०००० | १६.३७ |

## १९ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

## २० सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## २१ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय सरकारको काम, कर्तब्य र अधिकारको सम्बन्धमा ब्यवस्था गरेको छ । यस बर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालिकाले पर्याप्त ध्यान दिनुपर्दछ ।

| क्र स | विवरण | निवेदन | सिफारिस |
|---|---|---|---|
| 1 | नागरीकता सिफारिस | ९९९ | ९९९ |
| 2 | घरबाटो सिफारिस | ५६ | ५६ |
| 3 | नाता प्रमाणित | १९० | १९० |
| 4 | जन्म मृत्यु दर्ता | ८४१ | ८४१ |
| अन्य | | १२०० | १२०० |

## २२ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

## २३ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरी तथा यस वर्षको बजेटमा समेत गरी गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.३०५९४०० भुक्तानी दिएको छ। भुक्तानी दिन बाँकीको विवरण म.ले.प.फा.न|.२२१ प्रमाणित गरेर मात्र खर्च गर्नुपर्दछ ।

## २४ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५% माथि प्रगति |
| कार्यक्रम संख्या | ४८७ | ३० | ६ | ६ | २६ | ४१९ |

## २५ बजेट तथा कार्यक्रम तर्जुमा

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

२६ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.१६४१००० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.७१००० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु...

| सि.नं. | पेश्की लिनेको नाम | पेश्कीको प्रयोजन | पेश्की रकम |
|---|---|---|---|
| १ | गङ्गा बहादुर श्रेष्ठ | सवारी साधन मर्मत खर्च जेसिभी समेत | २५००० |
| २ | गङ्गा बहादुर श्रेष्ठ | सवारी साधन मर्मत खर्च जेसिभी समेत | ३६००० |
| ३ | गङ्गा बहादुर श्रेष्ठ | अन्य भाडा | १०००० |
| जम्मा | | | ७१००० |

| पेश्की | ७१,००० |
|---|---|

२७ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एक निर्माण व्यवसायीलाई रु.१५७०००० मोविलाईजेशन पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकिकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि.नं. | पेश्की लिनेको नाम | वापत | रकम |
|---|---|---|---|
| १ | एभरेष्ट/रिजन एण्ड रियाना/मिसन एण्ड भिजन जे.भी. | गाउँपालिका प्रशासनिक भवन निर्माण | १५७०००० |

२८ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१)बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२)बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले प्रोत्साहन भत्ता निर्देशिका २०८० तर्जुमा गरि मिति २०८०।०४।३२ मा राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गरेको देखिन्छ । अनुसुची १-७ मा पालिकामा कार्यरत जनशक्तिहरुले प्राप्त प्राप्त गर्ने अधिकतम प्रोत्साहन भत्ताको सुविधा प्रदान गरेको देखिन्छ ।यसरी भत्ता वितरण गर्दा पालिकामा कार्यरत स्थायी तथा अस्थायि करार समेतलाई भत्ता वितरण गरेको देखिन्छ । पालिकाले आफ्नो आन्तरीक आयलाई विचार नगरी यो बर्ष कर्मचारीहरुलाई रु.२७,६८,६४०।- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ ।

२९ **फार्मेशी सञ्चालन** ( १८/२०८०-११-२१):

पालिकाले सशुल्क फार्मेशी सञ्चालनका लागि स्वास्थ्य विभाग तथा कारोबार रजिष्टरका लागि ब्यसायिक प्यान दर्ता गरी फार्मेसी सञ्चालन गर्न पाउने ब्यवस्था रहेको छ । पालिकाले यस वर्ष रु ४९५८४३।५ मुल्य वरावरको औषधि खरीद गरि सशुल्क फार्मेसी सञ्चालनका लागि वडा नं २ को स्वास्थ्य चौकीलाई हतान्तरण गरेको देखिन्छ।स्वास्थ्य चौकीले सशुल्क फार्मेसीको बीउपुजी,खरीदमा जोडिने नाफाको दरका अतिरिक्त अन्य प्रशासनिका खर्च लगायतका लागि कार्यविधि र मापदण्ड तयार नभएकोले सो विना खरिद र बिक्री वितरण गर्न नमिल्ने भएकोले अनियमित रु

| अनियमित भएको | ४,९५,८४३.५ |
|---|---|

३० **सवारी साधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा राजस्व बाँडफाँड र आन्तरिक स्रोतको रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन। अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ। कार्यालयले यस वर्ष निम्न अनुसार रु.१९७८८०० सवारी साधन खरिद गर्दा उल्लेखित व्यवस्थाको पालना नगरी खर्च गरेको छ । कानुनको पालना गर्नुपर्ने देखिन्छ ।

| **भौ.नं./मिति** | **फर्मको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| ७।०८०।७।१७ | अरण इन्टरप्राइजेज | मोटरसाइकल १ थान खरिद | ३२४९०० |
| ८।०८०।७।१७ | असियन अटो प्रा.लि. | मोटरसाइकल २ थान खरिद | ९०४००० |
| १८।०८०।९।२० | अटो सिटी | मोटरसाइकल १ थान खरिद | ३८९९०० |
| १३९।०८१।२।३२ | अरण इन्टरप्राइजेज | मोटरसाइकल १ थान खरिद | ३६०००० |
| जम्मा | | | १९७८८०० |

३१ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३२ **जिन्सी निरीक्षण -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

३३ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाको नाफा कमाउने उद्देश्यले

स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।पालिकाले यस वर्ष ब्यवसाय सञ्चालन गर्नेलाई बजारिकरण तथा ब्यवस्थापन अनुदान वितरण गरेको तपसिल बमोजिमको रकम अनियमित देखिएको रु ।

| नाम | रकम | कैफियत |
|---|---|---|
| साल्पा साबुन उद्योग | ५०००० | गो भौ नं ४४ मिति २०८१।०३।२१ |
| सिंगार शैलुन हेयर कटिङ | ५०००० | |
| रवीना ब्यटिपार्लर एण्ड कस्मेटिक पसल | १००००० | गो भौ नं ५३८ मिति २०८१।०३।२१ |
| जम्मा | २००००० | |

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

३४ **विपद ब्यवस्थापन कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले विपद व्यवस्थापन कोषमा यस वर्ष ३०००००।०० निकासा तथा गत वर्षको बाँकी २७२१८४।०० समेत रु ३२७२१८४।०० रहकोमा यस वर्ष रु ३०८०००खर्च गरेको देखिन्छ । विपद जोखिम न्युनीकरण तथा ब्यवस्थापन ऐन २०७८ र अनुदान तथा आर्थिक सहायता निर्देशिका २०७८ तर्जुमा गरी स्थानिय राजपत्रमा २०८०।०४।३२ मा प्रकाशन गरेको देखिन्छ ।पालिकाले कार्यविधिमा उल्लेख विधि र ब्यवस्थाभन्दा फरक र बढी अनुदान रकम समेत वितरण गरेको हुँदा आफैले तर्जुमा गरेको ऐन तथा निर्देशिकाको पुर्ण परिपालना गरेको देखिदैन।तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

३५ **प्रदेश अनुदानः**

कोशी प्रदेश सरकारको प्रदेश सरकार स्थानिय तहमा सशर्त कृषि वित्तिय हस्तान्तरण कृषि कार्यक्रम अन्तर्गत साझेदारीमा ३७३४०८५ मुल्य वरारबरको ओखर खेती प्रबर्द्दनन कार्यक्रम सञ्चालन गरेको देखिन्छ ।यस कार्यक्रममा प्रदेश सरकारको हिस्सा ३०००००० (७५ प्रतिशत) र स्थानिय किसानको हिस्सा ७३४०८५ (२५ प्रतिशत ) देखिन्छ ।यो साझेदारी कार्यक्रममा करीब २३८८ ओखरको बिरुवा जुम्लाबाट ल्याई किसानको बारीमा रोपेकोले आगामी दिनमा ब्यवसायिक हिसाबले प्रतिफल प्राप्त हुने गरी संरक्षण गर्नुपर्ने देखिन्छ ।

३६ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावली २०७७ को नियम ३९ बमोजिम भुक्तानिलाई ब्यवस्थित र प्रभावकारी बनाउनर् तथा रीत पुगे नपगेको चेकजाँच गरी भुक्तानि दिनुपर्ने ब्यवस्था रहेको छ । पालिकाले कार्यालयमा कार्यरत जनशक्तिहरुलाई सवारी साधन तालिम कार्यक्रम सञ्चालन गरी रु ३९९९९०।०० बुढाथोकी ड्राईभिङ ईन्टिच्युडलाई भुक्तानि गरेको देखिन्छ ।प्रतिब्यक्ति २३५९८ का दरले १५ जनाको भुक्तानि भएकोमा सहभागी संख्या ११ मात्र देखिएकोले प्रचलित नियमानुसार भएको बढी भुक्तानि असुल उपर हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९४,३९२ |

३७ **करुणा फाउन्डेशनसँगको साझेदारी कार्यक्रम**

अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम सञ्चालनका लागि यस पालिका र करुणा फाउन्डेशन बिच मिति २०७७।०४।२१ मा सम्झौता भई (सामाजिक विकास मन्त्रालय र सो संस्था विच २०७६।०६।०८ को सम्झौताको अधीनमा रहि) नियमित त्रिपक्षीय साझेदारी कार्यक्रम ३ वर्ष सञ्चालनमा रहेकोमा सोको समयावधि २०८० अषाढ मसान्तमा सकिएको देखिन्छ । कार्यक्रमको सयमावधि सकिएको अवश्थामा समेत पालिकाले सो कार्यक्रम लाई निरन्तरता दिई यस आव मा १८५००८५ निकासा गरि १७७३८८२।२० खर्च गरेको देखिन्छ ।विनियोजित बजेटको अधिकांश हिस्सा LBR सहजकर्ताको पारीश्रमिकमा खर्च हुदा सो कार्यक्रम न्युन प्रभावकारी देखिएकोले पालिकाले आफ्नै जनशक्ति मार्फत कार्यक्रम संचालन गरी यस लक्षित कार्यक्रमको थप प्रभावाकारीता अभिबृद्धि गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ ।

## ३८ स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्तासंग खरिद नगरेको

सार्वजनिक खरिद नियमावली २०६४ नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजश्व कार्यलयबाट स्थायी लेखा नम्बर र मुल्य अभिवृद्धि कर दर्ता प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था छ । उपनियम २ मा बिस हजार रुपैया भन्दा कम रकमको खरिद गर्दा मुल्य अभिवृद्धि कर दर्ता प्राप्त नगरेका संग समेत खरिद गर्न सकिने उल्लेख भएकोमा पालिकाले आवश्यक मालसामान खरिद गर्दा, विभिन्न मितिमा संचालन गरेका तालिम, गोष्ठी, अनुदानमा खरिद गर्दा नियमावलीको व्यवस्था अनुसार दर्ता गरेका संग खरिद नगरी हस्तलिखित भरपाइ पेश गरी खर्च लेखेको तथा एक कार्यक्रमको हकमा समेत २०००० भन्दा कमका अधिक बील तयार गरी भुक्तानी गरेको देखिएकोले कानुनको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

## ३९ सहकारी संस्थाको अनुगमन-

सहकारी ऐन, २०७४ को परिच्छेद १६ अन्तर्गत पालिकाभित्र संचालनमा रहेका सहकारी संस्थाहरुको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था गरिएको छ। पालिकामा ८ सहकारी संचालनमा रहेकोमा ति मध्य ३ वटा मात्र संस्था कोपेसमा सहभागि भएको जानकारी प्राप्त भएको छ । साथै सहकारी ऐनमा तोकिए बमोजिम कुनै पनि सहकारी संस्थाको अनुगमन गरेको देखिएन । त्यसैले सहकारी संस्थाको नियमानकारी निकायको रुपमा रहेको पालिकाले आफ्नो क्षेत्र भित्र रहेको सहकारी संस्थाहरुको नियमित अनुगमन गरी त्यस्ता संस्थामा रहेका शेयर सदस्यहरुको बचत रकम र संस्थाहरुको रिण लगानीको सुरक्षाको सुनिश्चतता प्रत्याभुत गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## ४० आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## ४१ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१५३२९९२०.०६ राजस्व बाँडफाँड र अनुदानबाट रु समेत रु.३८११४६५९३.७ आम्दानी भएकोमा चालु तर्फ रु.२६५६१०७४३.५२ पूँजिगत तर्फ रु.१२४६४०९१७.९५ समेत रु.३९०२५१६६१.४७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५६०५००० खर्च भएको छ जुन आन्तरिक आयको ३७ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ९१.८१ प्रतिशत चालु र ८३.८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ४२ आर्थिक सहायता

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु. ७४६८५४४ आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु१५३२९९२०.०६ को ४८.७२ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| सि.नं. | विवरण | रकम |
|---|---|---|
| १ | गाउँपालिका प्रकोप तथा महामारी नियन्त्रण विपत व्यवस्थापन कोष | २६४५६५४ |
| २ | संघ सस्था सहयोग | १०००००० |
| ३ | विपत तथा प्रकोप | ३०८०६९० |
| ४ | विपत तथा प्रकोप | ७४२२०० |
| जम्मा | | ७४६८५४४ |

४३ **गाडी भाडा**

गाउँपालिकाबाट स्विकृत कार्यक्रम संचालन गर्दा कार्यक्रमको लागि आवश्यक पर्ने सामानहरुको ढुवानी तथा पालिकाबाट वडा वडामा स्विकृत कार्यक्रम संचालनको लागि खरिद गरीएका सामानहरुको ढुवानी तथा कार्यक्रममा जादा फर्कदा गाडी भाडामा लिइ खर्च लेखने गरेको छ ।पालिकाले गाडी भाडाको पालिका भित्र भाडा तथा सामान ढुवानीको लागि प्रयोग गर्दा भाडाको दर रेट स्वीकृत नगरेकोले भाडामा दरमा एक रुपता भएको देखिएन । गाडी भाडा प्रयोग गरेको भरपाइ पेश गरी पालिका भित्र संचालित विभिन्न कार्यक्रममा गाडीको भाडा खर्च लेखने गरेकोले उक्त गाडी भाडा सही तथा यथार्थ हो भनी एकिन गर्न सकीयन ।अत : पालिकाले पालिका कार्यालयबाट पालिका भित्रको स्थानमा प्रयोग गरीने गाडीको दर रेट स्विकृत गरी सोही दर रेट अनुसार गाडी धनीसंग सम्झौता गरी खर्च लेख्नु पर्ने देखिन्छ ।

४४ **घरभाडा भुक्तानि**

(589-२०८१-३-२३):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २४ तथा नियमावली २०७७ को नियम ३९ बमोजिम गरिने भुक्तानिमा पेश गरिने कागजातको रीत पुगे नपुगेको जाँच गरी भुक्तानि गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले यस वर्ष कार्यालयको प्रयोजनार्थ भाडामा लिई सञ्चालनमा रहेको भवन कार्यालयको मिति २०८०।११।२१ को सुचना अनुसार कार्यालयलाई थप समय आवश्यक नदेखि सोहि दिन देखि खालि गर्ने भन्ने ब्यहोरा दोस्रो पक्ष घरधनी लाई जानकारी गराएको देखिन्छ । घर खालिको सुचना पछि पनि सम्वन्धित घरधनी मोनिका राईलाई भुक्तानि भएको देखिएकोले बढी भएको भुक्तानि प्रचलित ऐन तथा सम्झौता अनुसारको मासिक भाडा दरअनुसार (जेठ र असार ) राजश्व दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,००० |

४५ **बील भरपाई** (40-२०८०-६-२४):

आर्थिक कार्विधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा आवश्यक विल भरपाई तथा प्रमाणित कागजात पेश गर्नुपर्ने व्यवस्था छ । तर पालिकावाट मसलन्द तथा सामाग्री शीर्षकमा रु १६३२८५ मुल्य बराबरको computer तथा printer खरीद कार्यालयको जिन्सी अभिलेखमा नदेखिएको तथा कुलुङ स्वास्थ्य चौकी र प्रहरी चौकी चौकीडाडा लाई बुझाईएको भर्पाईको प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६३,२८५ |

४६ **भ्रमण खर्च**

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च रु ३४०३०००।भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण सम्वन्धित पालिकाका वडाहरुवाट पालिका केन्द्र तोकि भुक्तानि लिने गरेको ।
-पालिकासँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

स्पष्ट प्रयोजन बेगर कार्यालयको काम उल्लेख गरी वडा अध्यक्ष तथा सदस्य सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

- कतिपय भ्रमण आदेशहरुमा भ्रमण गर्ने स्थान नतोकिएको तथा कतिपय भ्रमण बीलका आधारमा समेत भुक्तानि गरेको देखिएको ।

पालिकाभन्दा बाहिरका कर्मचारीहरुको भ्रमण आदेशमा पालिकाले भुक्तानि गर्ने स्पष्ट आधार उल्लेख नगरिएको साथै फोटोकपी भ्रमण आदेशका आधारमा भुक्तानि गरिएको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

४७ **वितरणमुखी कार्यक्रम**

स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वियन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिंदैन। उदाहरणका लागि केही योजना र कार्यक्रमहरु निम्नानुसार छन-

| गो.भौ.नं/मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| ५६३।२०८१।०३।२२ | आदिवासि जनजाति भाषा सास्कृतिक नृत्य | १००००० |
| ५९८।२०८१।०३।२३ | विविध कृषि कार्यक्रम | २००००० |
| ६००।२०८१।०३।२३ | पाईप खरीद | १००००० |
| ४।२०८०।१०।१८ | तोरी सुर्यमुखी र मौसमी तरकारी वितरण | १९४६५० |
| १७।२०८१।०२।०४ | जनजागरण कृषि तथा उपभोक्ता सहकारी संस्था लि | १४९९३० |
| २२।२०८१।०२।०४ | पौरखी कृषि सहकारी संस्था लि | २००००० |
| २०७।२०८०।१०।०७ | साल्पा सिलुचुङ संरक्षण तथा पर्यटन प्रवर्द्धन केन्द्र | २५०००० |
| २४१।२०८०।११।१० | कुलुङ युवा क्कव माघीमेला कार्यक्रम | ५५०००० |
| | कृषि प्रोत्साहन कार्यक्रम | १००००० |
| २१९।२०८०।११।०२ | च्याउ खेती प्रोत्साहन | ५०००० |
| ४०३।२०८१।०२।।०२ | ईन्द्रायणी युवा क्कव खेलकुद अनुदान | २००००० |
| ३५७।२०८१।०१।३० | बाँदर नियन्त्रण अभियान | २००००० |
| ४८ २०८१।०३।२१ | एक विद्यार्थी १० विरुवा लक्षित कार्यक्रम | ४९८२०५ |
| | योगमाया स्मृति प्रतिष्ठान सञ्चालन अनुदान | ५८०००० |

४८ **सुन्तला पकेट विकास कार्यक्रम-**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को परिच्छेद ४ मा पकेट विकास कार्यक्रमसम्बन्धी व्यवस्था छ । पालिकाले आ.व २०७९।०८० मा स्थापना भएको सुनतलाजात फलफुल पकेट विकास कार्यक्रमको निरन्तरताको लागि पुन आ.व २०८०।८१ मा बजेट प्राप्त गरेको छ । पालिकाले म्यानुअलमा भएको व्यवस्था बमोजिम ५० - ८५ प्रतिशत लागत साझेदारीमा २०८० जेष्ठ सम्म सम्पन्न गर्ने गरी विभिन्न कृषक समुहहरुसंग सम्झौता गरेको छ । यससम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

- संघीय कानुन अन्तर्गत निरन्तरताको रुपमा प्राप्त गरिएको कार्यक्रम बजेट २०७९।०८० मा स्थापना भएको समुहबाट नभई देहायबमोजिका नयाँ कृषक समुहबाट सञ्चालन भएको कार्य म्यानुअलमा भएको व्यवस्था विपरीतको कार्य हो । यसमा सुधार हुनुपर्दछ ।

| **भौ नं** | **कृषक समुह** | **अनुदान रकम** |
|---|---|---|
| १४५।२०८१।२।१७ | साल्पा सोरुम कृषक समुह | ५५००० |
| १४४।२०८१।२।१६ | सुरेन्द्र कृषि तथा पशुपन्छी समुह | ५५००० |
| १२२।२०८१।०१।३० | चौहान कृषि फर्म तथा पशुपन्छी फर्म | ५५००० |
| ११६।२०८१।१।१० | श्री नवोदित कृषक समुह | १००००० |

- देहायबमोजिमका लाभग्राही समुहहरु आ.व २०७९।०८० कै निरन्तरता रहेको र तिनिहरुले पालिकाबाट निस्कासित सुचना बमोजिम पुन अनुदान प्राप्त गरेको अवस्था देखियो । यसरी अनुदान प्राप्त गर्ने लाभग्राहीहरुले तोकिएको क्षेत्रमा अनुदान रकम खर्च गरे नगरेको साथै ति अनुदान रकमबाट अपेक्षित लक्ष्य र नतिजा प्राप्त भए नभएको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरी अनुदानको ग्राहयता सुनिश्चित गर्नुपर्दछ ।

| भौ नं | लाभग्राही समुह | अनुदान रकम रु. |
|---|---|---|
| १६२।२०८१।२।३१ | मंगलादेवी कृषक समूह | १००००० |
| १४६।२०८१।२।१८ | कुलुङ बुढेनी बहुउदेश्यीय कृषक समुह | १००००० |

- सार्वजनिक निकायबाट अनुदान प्राप्त गर्दा सार्वजनिक निकायले सम्झौता गरेको शर्त बमोजिम खरिद कार्य गर्नुपर्दछ । साथै सार्वजनिक निकायले खरिदको सम्बन्धमा कुनै शर्त नराखेमा प्रचलित कानुन तथा सार्वजनिक खरिद कानूनको अनिवार्य उपयोग गरी मालसमान तथा अन्य आवश्यक समाग्रीहरु खरिद गरी सोही बमोजिम कार्य गर्नुपर्दछ ।

४९ **ढुवानी भाडा**

सार्वजनिक खरिद ऐन २०६३ को परिच्छेद ५ को दफा ४० अनुसार खरीद गरिने मालबस्तुको हकमा खरिद नियमावली २०६४ को नियम २१ को अधिनमा रही अनुसुचि ३ बमोजिम सम्झौता गरी ढुवानी प्रक्रिया बढाउनुपर्ने देखिन्छ । प्रतिष्पधात्मक बजार मुल्यमा खरीद गर्ने ब्यबस्था रहेकोमा पालिकाले ऐनको दफा ४१ अनुसार डोजर तथा ब्याकुलोडरको ईन्धन ढुवानी सीमित ब्यक्तिबाट सोझै खरिद गरेको ब्यहोरा तपसिलको भुक्तानी विवरणबाट देखिएकोले मितब्ययी ढंगले प्रतिष्पर्धात्मक बजार मुल्यमा ईन्धन को ढुवानी गर्नुपर्ने देखिन्छ ।

| क.स. | गो.भौ.न | मिति | रकम | भुक्तानी पाउने |
|---|---|---|---|---|
| १ | ३८ | ६५९२३ | ५०००० | मनिका राई |
| २ | ७८ | ६५९४८ | ८२००० | मनिका राई |
| ३ | १२९ | ६५९८० | ५५००० | मनिका राई |
| ४ | १६४ | ६६००९ | १२९००० | मनिका राई |
| ५ | २१० | ६६०२७ | ३५००० | मनिका राई |
| ६ | २२४ | ६६०५२ | १२९००० | मनिका राई |
| ७ | २५९ | ६६०५२ | ६५००० | मनिका राई |
| ८ | २९५ | ६६०९२ | ७३००० | मनिका राई |
| ९ | ३४३ | ६६१२४ | ४५००० | मनिका राई |
| १० | ३९९ | ६६१६५ | ९५००० | मनिका राई |
| ११ | ४१५ | २०८१/०२/२९ | ३३००० | मनिका राई |
| जम्मा भुक्तानि भएको रकम रु | | | ७९१००० | |

५० **वडा नं.४ को वडा कार्यालय भवन निर्माण**

५०.१ **वडा नं.४ को वडा कार्यालय भवन निर्माणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको सोही आर्थिक वर्ष भित्र सम्पन्न गर्न सकिने निमार्ण कार्य मात्र सम्बन्धित उपभोक्ता समितिबाट गराउन सकिने तथा उक्त लागतमा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी र जनसहभागिताको अंश समेतको रकम समावेश हुने व्यवस्था छ । पालिकाको स्वीकृत बार्षिक कार्यक्रम अनुसार २०८०।८।२० कार्यालय र वडा भवन निर्माण उपभोक्ता समिति वीच रु.४५१०९४६.०७ मा सम्पन्न गर्ने गरी सम्झौता भई अन्तिम मुल्याङ्कन रु.४५१८१४४.७२ कायम गरी स्ट्रक्चर वर्क वापत रु.३९३५९९९ भुक्तानी भएको छ । पुन २०८१।१।३० मा कार्यालय र सोही वडा भवन निर्माण समिति वीच २८७२३५८.२३ मा थप कार्य गर्ने सम्झौता भएको देखिन्छ । थप कार्य गरे वापत अन्तिम मुल्याङ्कन रु.२८७२३५८.२३ गरी २५९२००० भुक्तानी गरेको छ । एकै आर्थिक बर्षमा एउटै उपभोक्ता समितिसँग २ पटक सम्झौता गरी लागत अनुमान रु.७३८३३०३.३ को तयार गरी मुल्याकन रु.७३९०५०१.९५ गरी भुक्तानी रु.६५२७९९९ भएको देखिन्छ । एउटै उपभोक्ता समितिसँग दुई पटक सम्झौता गरी कार्य गरेको छ । यस्तो कार्यमा नियन्त्र गर्नुपर्दछ ।

५०.२ ईट्टाको कामः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले तथार गरेको लागत अनुमानमा इट्टाको काममा प्रति घनमिटर ५६० इट्टा लाग्ने भनी दर विश्लेषण गरेको छ । उक्त निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा दर विश्लेषणमा समावेश गरेको इट्टाको साइज भन्दा ठुलो साइज (१० इन्च.*५ इन्च.*३ इन्च)को इट्टा प्रयोग गरेको पाइयो । उक्त साइज अनुसार ईट्टाको कार्यमा प्रति घनमिटर ४०७ वाट ईट्टा मात्र खपत हुने देखिन्छ । जस अनुसार प्रति घनमिटर कार्यमा १५३ वटा इट्टा कम प्रयोग हुँदा प्रति इट्टा रु.३६.८० का दरले जम्मा रु. १०७९३५ बढी भुक्तानी भएको देखिन्छ । अत बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| ईट्टाको साइज अनुसार लाग्ने संख्या | नर्म्स अनुसार लाग्ने इट्टाको संख्या | फरक | प्रति इट्टाको दर | जम्मा कार्य परिमाण | जम्मा बढी रकम |
|---|---|---|---|---|---|
| ४०७ | ५६० | १५३ | ३६.८० | १९.१७ | १०७९३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०७,९३५ |

५१ **फरक नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्काण कार्यको लागत अनुमान स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको आधारमा तायार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष कार्यान्वयनमा ल्याएका कतिपय सडक सम्बन्धी आर सि सि ढलान कार्यको लागि गाउँपालिकाको छुट्टै नर्म्स स्वीकृत भएको देखिएन । यसरी आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सोही कार्य गर्ने विशिष्टिकृत निकायको नर्म्स प्रयोग गर्नुपर्नेमा DUDBC को नर्म्स प्रयोग गर्दा पालिकाले यो बर्ष कार्यान्वियन गरेका निम्न आयोजनाको सडक सम्बन्धी कार्य अन्तर्गत र **PCC for RCC (**१:२:४) ढलान कार्यमा निम्नानुसार बढी भुक्तानी गरी पालिकालाई थप व्ययभार पर्न गएको नियम सम्मत नदेखिएको रु

| **आयोजना** | **पालिकाले प्रयोग गरेको दर** | **सडक विभागको नर्म्स अनुसार हुने दर** | **फरक दर** | **परिमाण** | **बढी व्ययभार** |
|---|---|---|---|---|---|
| मिवाहाङ चोक देखि नविल बैक सम्म गोरेटो बाटो निर्माण | १६४५३.६ | ११८०६.८१ | ४६४६.८ | १२.६२ | ५८६४२.५ |
| चौकीडाँडा मुल सडक स्तरोन्नती तथा नाली व्यवस्थापन | १५३७३.६० | ११८०६.८१ | ३५६६.८ | ३५.३८ | १२६१९३. |
| गाउँपालिका खेल मैदान निर्माण | १६४५३.६ | ११८०६.८१ | ४६४६.८ | ७.०५ | ३२७५९.९ |
| ओखरबोटे बलौटे भन्ज्याङ हुँदै खोटाङ जोड्ने सडक | १४८७१.४३ | ११८०६.८१ | ३०६४.६ | २३.३१ | ७१४३६.३ |
| च्याक्सिला हुँदै सोलु जोड्ने सडक निर्माण | १४८७१.४३ | ११८०६.८१ | ३०६४.६ | २८.३८ | ८६९७३.९ |
| जम्मा | | | | | ३७६००५.६ |
| | | | | अनियमित भएको | ३,७६,००५.६ |

५२ **फरक नर्म्सको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान स्वीकृत नर्म्स तथा स्वीकृत जिल्ला दररेटको आधारमा तायार गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष कार्यान्वयनमा ल्याएका कतिपय सडक सम्बन्धी ढुङ्गाको गारो लगाउने कार्यको लागि गाउँपालिकाको छुट्टै नर्म्स स्वीकृत भएको देखिएन । यसरी आफ्नो छुट्टै नर्म्स नभएको अवस्थामा सोही कार्य गर्ने विशिष्टिकृत निकायको नर्म्स प्रयोग गर्नुपर्नेमा DUDBC को नर्म्स प्रयोग गरी दर विश्लेषण गर्दा पालिकाले यो बर्ष कार्यान्वियन गरेका निम्न आयोजनाको सडक सम्बन्धी कार्य अन्तर्गत र **Stone Masonry (**१:६) ढलान कार्यमा निम्नानुसार बढी भुक्तानी गरी पालिकालाई थप व्ययभार पर्न गएको नियम सम्मत नदेखिएको रु**.**

| आयोजना | पालिकाले प्रयोग गरेको दर | सडक विभागको नर्म्स अनुसार हुने दर | फरक दर | परिमाण | बढी व्ययभार |
|---|---|---|---|---|---|
| फेदी च्याक्सिला सडक निर्माण | १३४२३.५२ | ८१५४.४० | ५२६९.१२ | ५६.०४ | २९५२८१ |
| मिवाहाङ चोक देखि नविल बैक सम्म गोरेटो बाटो निर्माण | १२६४४.३० | ८१५४.४० | ४४८९.९० | २१.९२ | ९८४१९ |
| चौकीडाँडा मुल सडक स्तरोन्नती तथा नाली व्यवस्थापन | १०९०५.५० | ८१५४.४० | २७५१.१० | ३३५.६७ | ९२३४६२ |
| गाउँपालिका खेल मैदान निर्माण | १२६४४.३० | ८१५४.४० | ४४८९.९० | १६.५१ | ७४१२८ |
| ओखरबोटे बलौटे भन्ज्याङ हुँदै खोटाङ जोड्ने सडक | ११९८४.९८ | ९३७७.५५ | १८०७.४३ | ७३.७८ | १३३३५२ |
| च्याक्सिला हुँदै सोलु जोड्ने सडक निर्माण | ११९८४.९८ | ९३७७.५५ | १८०७.४३ | ७८.५४ | १४१९५६ |
| जम्मा | | | | | १६६६५९८ |

| अनियमित भएको | १६,६६,५९८ |
|---|---|

५३ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५४ **फेदी च्यक्सिला सडक निर्माण**

५४.१ भुक्तानी दिन बाँकीः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले बजेटमा गत बर्षको भुक्तानी भनी व्यवस्था गरे पनि पालिकाबाट म.ले.प.फा.नं.२२१ प्रमाणित नगरेको र बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व नभई अन्य कारण उपभोक्ता समितिको दायित्व राखी भुक्तानी दिएको छ । सालवसाली उपभोक्ता समितिलाई बहुबर्षिय रुपमा कार्य गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५४.२ लागत सहभागीताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उक्त कार्यको मुल्याङ्कन रु.५२७२३५१.०६ कायम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोमा नियम अनुसार लाग्ने कार्य सम्पादनको १० प्रतिशत रकम रु.५२७२३५ कट्टा नगरी रु.४७२३५१ मात्र कट्टा गरेकोले नपुग रकम रु.५४८८४ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ५४,८८४ |
|---|---|

५४.३ **ढुङ्गाको प्रयोगः** सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 900 – EARTH WORK को पृष्ठ ९ मा Roadway excavation in hard rock by mechanical means कार्यबाट उपलब्ध भएको ढुङ्गा यदि प्रयोग गरेको ५० प्रतिशत अन्य कार्यको लागि प्रयोग गर्न मिल्ने कुरा उल्लेख गरेको छ । पालिकाले उक्त कार्यमा १३८१.६५ घ.मि. कडा ढुङ्गा कटिङ्ग गरेको भनी प्रति घ.मि.१३६५ का दरले जम्मा रु. १८८५९४८.८४ भुक्तानी लिएकोमा उक्त कार्यमा भएको stone

masonry र Dry stone soling कार्यमा Hard Rock Cutting बाट निस्किएको ५० प्रतिशत काम लाग्ने ढुङ्गा ६९१ घ.मि. प्रति घ.मि. रु.१७०० का दरले जम्मा हुने रकम रु.११७४७०० कट्टा नगरेको देखिएकोले पालिकालाई थप व्ययथार पर्न गएको नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | ११,७४,७०० |
|---|---|

५५ **जनमित्र आ.वि. खेलमैदान निर्माण**

लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण सम्बन्धी कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धी नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्सबमोजिम लागत अनुमान तयार गर्नुपर्दछ । पालिकाले जनमित्र आ.वि. खेलमैदान निर्माण वापत जनमित्र आ.वि. खेलमैदान निर्माण उपभोक्ता समितिलाई रु.३३६००० भुक्तानी गर्दा लागत अनुमानमा नभएको **Dry stone soiling work** को कार्य गरेको भनी प्राविधिक मुल्याङ्कन र कार्य सम्पन्न प्रतिवेदनमा नचढाई ७.५८ घ.मि. को ४७३० प्रति घ.मि. का दरले जम्मा रु.३५०८५ भुक्तानी भएको छ । यसरी लागत अनुमानमा नभएको कार्य मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदनमा चढाई भुक्तानी दिएको रकम रु.३५०९५ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ७२,८६५ |
|---|---|

५६ **चौकीडाँडा मुल सडक स्तरोन्नती**

चौकीडाँडा मुल सडक स्तरोन्नती तथा नाली व्यवस्थापन निर्माण उपभोक्ता समितिलाई गो.भौ.नं. ८८।०८०।२।२ बाट रु.७४०४००० भुक्तानी गरेको देखिन्छ । आ.व. २०८०।८१ मा चौकीडाँडा मुल सडक स्तरोन्नती तथा नाली व्यवस्थापन निर्माण कार्यका लागि रु. ७४०४००० विनियोजन गरी रु.७९७५६२८.०२ लागत अनुमानमा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् ।

५६.१ लागत सहभागीताः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले उक्त कार्यको मुल्याङ्कन रु.७९८९८८१.९५ कायम गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोमा प्रधानमन्त्री रोजगर कार्यक्रमकाट व्यहोर्ने रकम रु.२००४००० घटाई बाँकी हुन आउने रकम रु.५९८५८८१.९५ को नियम अनुसार लाग्ने कार्य सम्पादनको १० प्रतिशत रकम रु.५९८५८८ कट्टा नगरी रु.५८५८८१ मात्र कट्टा गरेकोले नपुग रकम रु.१२७०७ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १२,७०७ |
|---|---|

५६.२ लागत अनुमानः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले रु.७९७५६२८ लागत अनुमान तयार गरी कार्य गराएकोमा कार्य सम्पन्न प्रतिवेदन र नापी किताव परिक्षण गर्दा उपभोक्ताले आफुलाई फाइदा हुने Earth work excavation by machine मा रु.२५८२४६, Dry stone soiling मा रु.१०८५२२, Stone masonry ५३९५३९ बढी काम गरेको र लागत अनुमानमा नभएको नयाँ Boulder mixed soil filling रु.१९१९८३ को काम गरेको देखिन्छ । तर Machine made gabion work को रु.१०१७१०८ को काम गरेको देखिएन । लागत अनुमान भन्दा फरक काम Boulder mixed soil filling गरेको नापी गरी रु.१९१९८३ नापी किताव र कार्य सम्पन्न प्रतिवेदनमा समावेश गरेको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,९१,९८३ |
|---|---|

५६.३

ढुङ्गाको प्रयोगः सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 900 – EARTH WORK को पृष्ठ ९ मा Roadway excavation in hard rock by mechanical means कार्यबाट उपलब्ध भएको ढुङ्गा यदि प्रयोग गरेको ५० प्रतिशत अन्य कार्यको लागि प्रयोग गर्न मिल्ने कुरा उल्लेख गरेको छ । पालिकाले उक्त कार्यमा ६०१.३४ घ.मि. कडा ढुङ्गा कटिङ्ग गरेको भनी प्रति घ.मि.१३६५ का दरले जम्मा रु. ८२०८३२.५१ भुक्तानी लिएकोमा उक्त कार्यमा भएको stone masonry र Dry stone soling कार्यमा Hard Rock Cutting बाट निस्किएको ५० प्रतिशत काम लाग्ने ढुङ्गा ३०० घ.मि. प्रति घ.मि. रु.१७०० का दरले जम्मा हुने रकम रु.५१०००० कट्टा नगरेको गाउँपालिकालाई थप आर्थिक व्ययभार पर्न गएको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,१०,००० |

५६.४ स्थलगत अवलोकनः चौकीडाँडा मुल सडक स्तरोन्नती तथा नाली व्यवस्थापन निर्माण कार्यको स्थालगत निरीक्षण गर्दा यस आर्थिक बर्षमा कार्य भएको कामको आइटमहरु Earth Work Excavation, PCC 1:2:4 र Stone Masonry लगायतमा बर्षाले क्षति पुर्याएको देखिन्छ । Detailed Estimate मा Machine made ग्याबियन जालीको लागत अनुमान तयार गरेको भए तापनि स्थालगत निरीक्षणमा र नापी किताबमा उक्त कार्य भएको देखिएन । ठेक्काको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार परीक्षण गर्ने त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दाबी गर्नुपर्ने व्यवस्था गरेको छ । तर उपभोक्ता समितिबाट भएको कामको क्षति भएको कार्य उपभोक्ता समितिबाट कार्य गराउन नसकिने भएकोले यस्तो कार्यमा सुधार गरी निर्माण कार्य गर्नुपर्दछ ।



**(विस्तृत विवरण बेरूजु दफा ५६.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५७ **स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारीको तलब-**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा कार्य वा शर्त तोकी एक सरकारबाट अर्को सरकारलाई प्रदानगर्ने शर्त सहितको चालु अनुदान बापतको रकमको रुपमा सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ । पालिकाबाट यस अन्तगर्तका स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा प्रवाह गर्नको लागि स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी नियुक्त भएको देखिन्छ । यसरी दरबन्दीभन्दा बढी कर्मचारी नियुक्त गर्दा पालिकाले आफ्नो आन्तरिक स्रोतबाट व्ययभार व्यहोर्नुपर्नेमा ति आर्थिक भार समेत शर्त सहितको सशर्त अनुदानबाट नै खर्च गरेको कार्य नियम सम्मत देखिएन । यसरी कानुन विपरीत हुने गरी गरिएको खर्च रकम नियमसम्मत नदेखिएको रु.

| **भौ नं** | **बढी पदपूर्ति** | **खर्च रकम रु.** |
|---|---|---|
| ४६।२०८०।९।४ | ८ | २४,००,४५ |
| ४७।२०८०।९।२४ | ८ | २४,००,४५ |
| ९९।२०८०।१२।१४ | १३ | ३३२,९४७ |
| ७५।२०८०।११।०३ | ८ | २४,००,४५ |
| ७६।२०८०।११।०३ | ८ | २४,००,४५ |
| जम्मा | | १२९३१२७ |

| अनियमित भएको | १२,९३,१२७ |
|---|---|

५८ **औषधि खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयासम्मको औषधिजन्य मालसमान उत्पाकले राष्ट्रिय स्तरको समाचार पत्रमा सुचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ ।यसवर्ष पालिकाले देहाय बमोजिमका शिर्षकबाट देहायका फर्मसँग २०९८४०४/- को औषधि तथा औषधिजन्य सामाग्री खरिद गरेको देखिन्छ। यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

| भौ नं | बजेट उपशिर्षक | आपुर्तक | खरिद रकम रु. | कैफियत |
|---|---|---|---|---|
| २१५।२०८१।३।१६ | सशर्त चालु | श्री युग ट्रेड एण्ड सपल्यार्स | ९९२७९५ | औषधिजन्य समाग्री फर्निचर फिक्चर्स |
| २१४।२०८१।३।१६ | सशर्त चालु | भिमदेवी मेडिसिन सप्लयार्स | ९५००३७ | औषधि खरिद |
| २१२।२०८१।३।१६ | सशर्त चालु | रिद्धिसिद्धी मेडिटेक इन्टरनेशनल | ५२८०० | औषधि खरिद |
| ६५।२०८०।१०।९ | सशर्त चालु | रिद्धिसिद्धि मेडिटेक इन्टरनेशनल | १०२७७२ | औषधि खरिद |
| जम्मा | | | २०९८४०४ | |

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११(२) मा भएको व्यवस्था बमोजिम पालिकाले औषधी खरिदको लागि वास्तविक लागत, स्थानीय बजार तथा अन्य बजारको प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गरी सोही अनुसार खरिद कार्य अगाडि बढाउनुपर्नेमा कोटेशन माग गरि सारभुत रुपमा कम दररेट पेश गरेको संग औषधी खरिद गरेको देखियो । यसरी प्रकाशित दरको आधारमा लागत अनुमान तयार नगरी कोटेशनमार्फत गरिएको खरिद कार्यमा उचित प्रतिष्पर्धाको प्रवर्द्धन हुन सकेन ।यसमा पालिकाले विशेष ध्यान दिनुपर्दछ ।

- खुल्ला बोलपत्रबाट औषधि खरिद गर्दा छुटको प्रतिशत बढने तथा खरिद कार्यमा स्वच्छ प्रतिस्पर्धाको प्रवर्द्धन हुने हुँदा पालिकाले विपदबाहेकको अवस्थामा बोलपत्रबाट खरिद गर्नुपर्ने साथै आपूर्ति हुने अधिकाँस औषधी तथा औषधिजन्य सामाग्रीमा म्याद सकिने मिति, ब्याच नं. उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरण तथा म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना बाँकी हुनुपर्ने आदि विवरण खुलाउनुपर्नेमा सबै विवरण खुलाएको देखिएन । साथै चालु आर्थिक वर्षमा औषधीको प्रयोग र मौज्दातको अवस्था के कस्तो छ सो सम्बन्धमा यकिन भएन ।

- पालिकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिमाण विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति-व्यवस्थापन गर्नु पर्दछ । तर सो अनुसार पालिकाले व्यवस्थापन गरेको देखिदैन ।

- औषधी तथा औषधीजन्य समाग्रीहरु खरिद गर्दा ति समाग्रीहरु आपुर्तकको ठाउँदेखि खरिदकर्ताको ठाँउसम्म आपुर्तिगर्ने फर्मकै लगानीमा समाग्रीहरु ढुवानी गर्नेगरी सम्झौता गर्नुपर्नेमा सो अनुसारको सम्झौता नगरि खरिद कर्ता स्वयंम आफै ढुवानीको दायित्व निर्वाह गरेको छ । यसबाट पालिकालाई थप आर्थिक भार बढनुको साथसाथै समाग्रीको ढुवानी सुरक्षा जोखिम बढेको छ भन्ने खरिद कार्यमा मितव्ययिता कायम भएको देखिएन ।

- आपूर्ति हुने औषधि डब्लु.एच.ओ सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, व्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको अवस्था देखियो ।

- तसर्थ औषधिको खरिद, आपूर्ति दाखिला तथा खर्चको विवरण अधावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको यकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५९ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले ३१६४८४८ र सोको ढुवानी रु ३८८३०० समेत गरी जम्मा रु ३५५३१४८ मुल्य वरावरको को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

६० **म्याद समाप्त भएको औषधि-**

पालिकाबाट प्राप्त विवरण अनुसार देहायबमोजिमको औषधिहरु खर्च नभई म्याद गुज्रेको छ।

| सि.नं | औषधिको नाम | परिमाण | परल मुल्य | जम्मा रकम | प्राप्ति स्रोत |
|---|---|---|---|---|---|
| १ | Salbutamol Rotacaps 200 mcg | ४८ | ०.९७ | ४६.५६ | स्वास्थ्य कार्यालय भोजपुर |
| २ | Folic Acid 5mg | ७९ | १.३५ | १०६.६५ | स्वास्थ्य कार्यालय भोजपुर |
| ३ | Chloehexidine Gel 4% | ७५० | २४.९८ | १८७३५ | स्वास्थ्य कार्यालय भोजपुर |
| ४ | Oxytocine 5 IU/ml | १७० | ११ | १८७० | स्वास्थ्य कार्यालय भोजपुर |
| ५ | Retinol ( Vitamin A) 200 i.u | २६०० | २.५८ | ६७०८ | स्वास्थ्य कार्यालय भोजपुर |
| ६ | Vitamin k 0.5 ml | ७०० | २२.२२ | १५५५४ | स्वास्थ्य कार्यालय भोजपुर |
| ७ | Determine chase Buffer | ४ | ६३२.४५ | २५२९.८ | स्वास्थ्य कार्यालय भोजपुर |
| ८ | Japanese Encephalitis 5 dose | १ | ३.५० | ३.५० | स्वास्थ्य कार्यालय भोजपुर |
| ९ | HRZE | १६८ | ० | ० | स्वास्थ्य कार्यालय भोजपुर |
| १० | Atorvastatin 10 mg | ३८०० | १.६० | ६०८० | स्वास्थ्य कार्यालय भोजपुर |
| ११ | Thimine 100 mg | १००० | ३.८० | ३८०० | स्वास्थ्य कार्यालय भोजपुर |
| १२ | Mifepristone 200mg | ३०० | २५ | ७५०० | स्वास्थ्य कार्यालय भोजपुर |
| जम्मा | | | | ६१०६३.५१ | |

उपरोक्त विवरण अनुसार स्वास्थ्य कार्यालय, भोजपुरबाट कुल रु ६१०६३/- परल मुल्य बराबरको १२ किसिमको औषधीहरु प्राप्त भई आएको तर प्रयोग नभई म्याद गुज्रेको देखिन्छ । यसरी म्याद गुज्रिएर प्रयोगहिन भएको कारणको रुपमा स्वास्थ्य कार्यालयले म्याद समाप्त हुनुभन्दा केही दिन अगाडि मात्र औषधि पठाएको भनाई पालिकाले राखेको छ । स्वास्थ्य कार्यालयबाट औषधि बुझ्दा औषधिको म्याद भए नभएको सुनिश्चित गरी मात्र औषधि पालिकामा ल्याउनुपर्नेमा थप ध्यान दिनुपर्ने देखिन्छ । यसरी म्याद गुज्रिएर प्रयोगहिन भएका औषधिहरुलाई चालु मौज्दातबाट अलग गरी सुरक्षित ठाँउमा विस्तापन गर्नुपर्छ भने पालिकाले थप प्रभावकारी अनुगमन मार्फत मौज्दातमा रहेका औषधि के कति म्याद गुज्रिएका तथा के कति टुटेफुटेका छन सो सम्बन्धमा यकिन गर्नुपर्छ ।

६१ **आमा सुरक्षा,गर्भवती रक्तसञ्चार तथा उत्प्रेरणा सेवा-**

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका,२०७८ को अनुसूची-२ मा महिलालाई संस्थागत प्रसुति सेवा लिएबापत रु २००० को दरले, ४ पटक गर्भवती सेवा लिएवापत उत्प्रेरणा स्वरुप यातायात खर्च रु ८०० को दरले, तथा आमा सुरक्षा कार्यक्रम सञ्चालन गरेबापत स्वास्थ्य संस्थाले सामान्य प्रशुती सेवा वापत रु २५०० को दरले इकाइ मुल्य प्राप्त गर्ने प्रावधान छ । पालिका अन्तर्गतका

स्वास्थ्य शाखाले स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीबाट उपलब्ध गराएको तथ्यांक अनुसार पालिका अन्तर्गतका बर्थिंग सेन्टरबाट ८७ जना महिलाले सामान्य प्रसुति गराएको देखिन्छ ।साथै प्रोटोकल अनुसार ५८ जना महिलाले ४ पटक गर्भवती जाँच गराएको देखिन्छ । प्रणालीमा देखाइएका सबै प्रसुतीहरु पाउनुपर्ने भत्ता पाए नपाएको साथै संस्थाले प्राप्त गरेको भत्ता रकम सदुपयोग भए नभएको सम्बन्धमा समेत विवरण चुस्त दुरुस्त राख्न आवश्य देखिन्छ । यसरी प्राप्त उपरोक्त विवरण अनुसार आमा सुरक्षा, गर्भवती रक्तसञ्चार, उत्प्रेरणा रु ३०७४००/- तथा न्यानो झोलामा रु. ७१९२९./- समेत रु ३७९३२९/- बजेट खर्च गर्नुपर्नेमा कुल रु ५५८२८३/- खर्च लेखेकोमा बढी लेखिएको खर्च रु. १७८९५४/- सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गरी सूचना प्रणालीमा विवरण लेख्न छुटेको भए सो विवरण अद्यावधिक गरेको प्रमाण पेश गर्नुपर्ने रु

| प्रसुति संख्या | भुक्तानी हुनुपर्ने दर | | | | हुनुपर्ने खर्च रकम रु. | भएको खर्च रकम रु. | फरक |
|---|---|---|---|---|---|---|---|
| | ४ पटकको परीक्षण दर रु. | यातायात प्रोत्साहन दर रु. | संस्थागत आम्दानी दर रु. | न्यानो झोला खरिद रु. | | | |
| ५८ | ८०० | २००० | २५०० | ७१९२९ | ३७९३२९ | ५५८२८३ | १७८९५४ |

| प्रमाण पेश नगरेको | १,७८,९५४ |
|---|---|

६२ **कर्मचारी प्रोत्साहन भत्ता-** (२५१-२०८१-३-२४):

भौ नं २५१।२०८१।३।२४ गाउँपालिकाले २०८०।०८१ मा आफ्नो आन्तरिक स्रोतबाट पालिकामा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता दिनको लागि कार्यविधि बनाएको छ ।सोही अनुरुप प्रोत्साहन भत्ता समेत दिएको छ । तर पालिकाले स्वास्थ्य तर्फका विभिन्न ५ जना करार कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरुप रु.५,२६,३५०/- संघीय सशर्तबाट भुक्तानी गरेको छ । यसरी संघीय कानुन विपरीत गरिएको प्रोत्साहन वापतको रकम संघीय संचितकोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,२६,३५० |
|---|---|

६३ **न्यानो झोला-**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत रहेको ८ बर्थिङ सेन्टरको लागि आ.व २०७९।०८० मा के कति थान न्यानो झोला खरिद गरिएको थियो र ति मध्ये के कति खर्च भई के कति मौज्दातमा संचित थियो सो बारे विवरण प्राप्त भएन । पालिकाले आ. व २०८०।८१ मा कोटेशन मार्फत कुल रु ७१९२९./- ( मु.अ.कर समेत) मा ८० थान न्यानो झोला खरिद गरेको छ । आ.व २०८०। ०८१ मा ५८ जना महिलाले प्रसुती गराई ५८ .थान न्यानो झोला लिएतापनि उक्त झोला गत विगतकै आर्थिक वर्षमा खरिद गरिएको मौजदातबाट खर्च गरिएको तथा आ.व २०८०।०८१ मा खरिद गरिएको पुरै न्यानो झोला स्टोरमै सञ्चित रहेको देखियो । यसरी प्रत्येक वर्षको अन्तयमा खपत नभई बाँकी रहेको संख्यालाई नयाँ आर्थिक वर्षमा आम्दानी जनाई अध्यावधिक विवरणको अभिलेख राख्नुपर्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६४ **दरबन्दी र पदपूर्ती-**

पालिकामा कुल ३४ स्वीकृत दरबन्दी भएकोमा ७ स्थायी र २७ जना करारमा नियुक्त गरी पदपूर्ती गरेको देखिन्छ । करार सेवा मार्फत पदपूर्ती गरेका पदहरु प्रचलित कानून बमोजिम लोक सेवा आयोग मार्फत स्थायी पदपूर्ती गरी सेवा प्रवाह गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

६५ **हर्लिकस खरिद-**

भौ नं २५४।२०८१।३।२४ पालिकाले पोषण कार्यक्रम सञ्चालनको लागि कोटेशनमार्फत युवासप्लायर्ससंग कुल रु ३१९६८५/- को लागतमा हर्लिक्स खरिद गरि कार्यक्रम गरेको छ । यस सम्बन्धी थप व्यहोरा देहायबमोजिम छनः

- मातृ तथा शिशु स्याहार कार्यक्रममा पोषण सञ्चालन गर्ने कार्यविधि सम्बन्धी व्यवस्था छ । पोषण सम्बन्धी खानेकुराको अनुपात नेपाल सरकारले निर्धारिण गरेको छ । तर पालिकाले सो विपरीत हुने गरी मात्र हर्लिक्स खरिद गरी कार्यक्रम सञ्चालन गरेको कार्य कानुन सम्मत देखिएन ।
- पालिकाले खोजेको गुणस्तरमा हर्लिक्स प्राप्त भए नभएको सम्बन्धमा सुनिश्चित हुने मुचुल्का प्रतिवेदन तयार गरेको देखिएन ।
- पालिकाले खरिद गरिएको हर्लिक्सको जिन्सी अभिलेख राखि सोहि अभिलेखबाट निकासा गरी खर्च लेख्नुपर्छ ।

६६ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| आन्तरिक श्रोत | ०.०० | -१०००. | ० |
| सम्पती कर | ०.०० | १३१९५. | ० |
| भुमिकर/मालपोत | २०००००. | ४४८१८१.१ | २२४ |
| वहाल कर | ५००००. | १२४६२०. | २४९ |
| व्यवसायले भुक्तानी गर्ने | ०.०० | ३०००. | ० |
| कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ०.०० | ७१८७५. | ० |
| अन्य कर | २०००००. | ११२१२०. | ५६ |
| कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ०.०० | ७८५०. | ० |
| विद्युत सेवा शुल्क | ०.०० | १०००. | ० |
| अन्य सेवा शुल्क तथा बिक्री | ०.०० | ५३५०. | ० |
| न्यायिक दस्तूर | ०.०० | ३२००. | ० |
| परीक्षा शुल्क | ०.०० | ९९००. | ० |
| अन्य प्रशासनिक सेवा शुल्क | ०.०० | ३८००. | ० |
| नक्सापास दस्तुर | १०००००. | ११५००. | १२ |
| सिफारिश दस्तुर | ६५००००. | ६०८७६५.५ | ९४ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ०.०० | १७१३००. | ० |
| नाता प्रमाणित दस्तुर | ०.०० | ३३४००. | ० |
| अन्य दस्तुर | ०.०० | १९४७६४. | ० |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३०००००. | २५४७००. | ८५ |
| अन्य क्षेत्रको आय | ८६५७८००. | ११९९८७५३.४६ | १३९ |
| अन्य राजस्व | ०.०० | १२२७६३६. | ० |
| व्यवसाय कर | ०.०० | ७२१०. | ० |
| बेरूजू | ०.०० | १८८००. | ० |
| जम्मा | १०१५७८००. | १५३२९९२०.०६ | १५१ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

६७ **राजश्व बाँडफाँड**

कोशी प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८० को दफा ७ को उपदफा ४ मा प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क र जरिवानाको संकलित रकम स्थानीय विभाज्य कोषमा जम्मा गरी चालिस प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने उल्लेख छ । यस पालिकाले अमानतबाट यस बर्ष ढुङ्गा, गट्टी र वालुवा संकलन वापत रु ५२६७७२.९४

रकम विभाज्य कोषमा जम्मा गरेकोमा उक्त रकमको ४० प्रतिशतले हुन आउने रकम रु. २१०७०९।७६ प्रदेश सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | ५२६७७२.९४ | २१०७०९।७६ | ० | २१०७०९।७६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१०,७०९.७६ |

६८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२६१९१० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६९ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५८२५२५४८.५९ | १५३२९९२०.०६ | ६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७० **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

७१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१०१५७८०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१५३२९९२०.०६ अर्थात अनुमान भन्दा ५१ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७२ **बढी भत्ता भुक्तानी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार

भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्राविधि सहायक पदको पदपूर्तिको लागि विभिन्न मितिमा बसेको बैठक भत्ता वापतको रकम भुक्तानी गर्दा बैठक संख्याको भन्दा बढी दरले भुक्तानी गरेको छ । यसरी विना पुष्टयाई गरेको भक्तानी वापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौ नं | कर्मचारी | बैठक संख्या हुनुपर्ने | बैठक संख्या भएको | भुक्तानी दर रु. | बढी भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|
| १३६।२०८१।२।१४ | प्र.प्र.अ. अनिश काफ्ले | ३ | ५ | १००० | २००० |
| | सरोज अधिकारी | ३ | ४ | १००० | १००० |
| | सरिता राई | ३ | ७ | १००० | ४००० |
| | सुस्मा अधिकारी | ३ | ५ | १००० | २००० |
| जम्मा | | | | | ९००० |

| असुल गर्नुपर्ने | ९,००० |
|---|---|

७३ **हिसाब मिलान-**

अन्तर-सरकारी-वित-व्यवस्थापन-ऐन,२०७४ को दफा ९ को उपदफा २ मा सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले तोकिएको शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । साथै ऐन को परिच्छेद ८ मा अनुदानको प्रयोग सम्बन्धमा अनुदान जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा उपयोग गर्नुपर्नेमा पालिकाले सो अनुरुपको कार्य गरेको देखिएन । पालिकाले निर्वाह गर्ने प्रशासनिक, भैपरी तथा भौतिक निर्माण लगायतका कार्य गर्नुपर्ने तथा सो कार्यवापत सम्बन्धितलाई भुक्तानी गर्नुपर्ने दायित्व पालिकामाथि रहन्छ । तर पालिकाले समयमै बजेट खर्चको अख्तियारी प्राप्त नगर्नु तथा खर्चको अख्तियारी प्राप्त गर्दा पनि शुरु अनुमानित बजेट बमोजिम प्राप्त नहुनु जस्ता अवस्थाले फरक फरक बजेट खर्च शीर्षकमाथि अश्वभाविक दबाव परेको अवस्था देखिन्छ । परिणामस्वरुप पालिकाले शर्त अनुरुप प्राप्त गरेको संघीय सशर्त अनुदानमाथि वित्तीय अनुशासनको मापदण्ड परिपालना भएको देखिदैन । पालिकाको भनाई बमोजिम खर्चको आवश्यकता र प्राथमिकताको आधारमा शर्त सहित प्राप्त गरेको अनुदान समेत स्वीकृत कार्यक्रम भन्दा फरक क्षेत्रमा खर्च लेखिएको छ । यसरी गरिएको खर्चले वास्तविक खर्चको अवस्था तथा लक्षित कार्यको उपलब्धी समेत सुनिश्ति नहुने अवस्था रहन्छ । स्वीकृत कार्यक्रम फरक हुने गरी गरिएको खर्चले कार्यक्रम तोकि प्राप्त गरिएको अनुदानको उदेश्य पुरा भए नभएको तथा उक्त खर्चको हिसाब मिलान सम्बन्धी प्रतिवेदन समेत प्रभावकारी नहुने अवस्था देखिन्छ । साथै शिर्षक फरक भई भएको सम्पुर्ण खर्चको हिसाब मिलान तयार भए नभएको सम्बन्धमा सुनिश्चित हुन सकिएन । तसर्थ पालिकाले प्रभावकारी अनुगमन गरी हिसाब मिलान हुन बाँकी खर्चको यथासिघ्र हिसाब मिलान गरि प्रतिवेदन तयार गर्नुपर्छ ।

७४ **कर दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २५ र नियमावली २०७७ को नियम ३९ बमोजिम भुक्तानिलाई ब्यवस्थित र प्रभावकारी बनाउनर् तथा रीत पुगे नपगेको चेकजाँच गरी भुक्तानि दिनुपर्ने ब्यवस्था रहेको छ ।पालिकाले LBR सहजकर्ता मासिक बैठक भत्ता बापतको रकम रु.२८००० भुक्तानि गर्दा कट्टा गरिएको रु.४२०० कर बैङ्क दाखिला गरेको भौचर नदेखिएकोले सो प्रमाण पेश गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ४,२०० |
|---|---|

७५ **सहभागि भत्ता-**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को परिच्छेद ७ मा तालिम, गोष्ठी, कार्यशालाको सहभागीलाई सहभागी भत्ता दिने गरी स्वीकृत भएको कार्यक्रममा तोकिएको दरमा भत्ता दिनुपर्ने व्यवस्था छ ।पालिकाले संघीय निर्देशिकाबाट तोकिदिएको दरमा भौगोलिक विकटताको कारण कार्यक्रम संचालन गर्न सम्भव नहुने साथै तोकिएको दरमा आवश्यक स्रोत व्यक्ति प्राप्त गर्न नसकिने व्यहोरा उल्लेख गरेको छ ।यो तपशिलका कार्यक्रम संघिय सशर्त अन्तर्गतको कार्यक्रम हो र संघिय निर्देशिका बमोजिम नै संचालन गर्नुपर्ने हुन्छ । तर

पालिकाले देहायबमोजिमका सहभागीहरुलाई निर्देशिकामा तोकिएको दर भन्दा बढी हुने गरी दिएको सहभागिता वापतको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| **भौ नं** | **सहभागी संख्या** | **कार्यक्रम दिन** | **कार्यक्रमको नाम** | **दिनुपर्ने दर रु.** | **दिएको दर रु.** | **बढी दिएको दर** | **कार्यक्रम मिति** |
|---|---|---|---|---|---|---|---|
| ४८।२०८०।९।४ | ६ | १ | वार्षिक समिक्षा तथा डेटा भेरिफिकेसन | ७०० | १००० | १८०० | २०८०।७।२३ |
| ५८।२०८०।९।२४ | ४ | १ | मानसिक स्वसाथ्य सम्बन्धी १ दिने कार्यक्रम | ७०० | १००० | १२०० | २०८०।८।१५ |
| १३१।२०८१।२।२ | २ | १ | न्युन्तम सेवा मापदण्ड | ७०० | १००० | ६०० | २०८०।१२।०५ |
| ५९।२०८०।१०।२ | २ | २ | CB- IMNCI ON SITE COACHING | ७०० | १००० | १२०० | २०८०।०९।२ र ३ गते |
| जम्मा | | | | | | ४८०० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०० |

७६ **प्रशिक्षक भत्ता-**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को कार्यक्रम नं ७.१.१५ को सि.नं ४ मा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमका स्रोत व्यक्ति/ प्रशिक्षकको पारिश्रमिक दर सम्बन्धी व्यवस्था छ । पालिकाले संघीय निर्देशिकाबाट तोकिदिएको दरमा भौगोलिक विकटताको कारण कार्यक्रम संचालन गर्न सम्भव नहुने साथै तोकिएको दरमा आवश्यक स्रोत व्यक्ति प्राप्त गर्न नसकिने व्यहोरा उल्लेख गरेको छ ।यो तपशिलका कार्यक्रम संघिय सशर्त अन्तर्गतको कार्यक्रम हो र संघिय निर्देशिका बमोजिम नै संचालन गर्नुपर्ने हुन्छ । पालिकाले देहायका प्रशिक्षकलाई निर्देशिकामा तोकिएको दरभन्दा बढी हुने गरी करकट्टीपछि दिएको कक्षा सञ्चालन वापतको रकम असुल गर्नुपर्ने रु.

| भौ नं | प्रशिक्षक संख्या | कक्षा संख्या | कार्यदिन | कार्यक्रमको नाम | दिनुपर्ने दर रु. | दिएको दर रु. | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ५८।२०८०।९।२४ | इश्वर कुलुङ | ३ | १ | मानसिक स्वसाथ्य सम्बन्धी १ दिने कार्यक्रम | ७०० | १००० | ७६५ |
| | कमल तामाङ | ३ | १ | मानसिक स्वसाथ्य सम्बन्धी १ दिने कार्यक्रम | ७०० | १००० | ७६५ |
| १३१।२०८१।२।२ | ईश्वर कुलुङ | २ | १ | न्युन्तम सेवा मापदण्ड तालिम | ७०० | १००० | ५१० |
| | कमल तामाङ | २ | १ | न्युन्तम सेवा मापदण्ड तालिम | ७०० | १००० | ५१० |
| | मेनुका श्रेष्ठ | २ | १ | न्युन्तम सेवा मापदण्ड तालिम | ७०० | १००० | ५१० |
| ५६।२०८०।९।२० | बिष्णु कुमार राई | ९ | ५ | एकिकृत पाठ्यकक्रम customize तालिम | ७०० | २००० | ११७०० |
| | पर्शुराम विष्ट | ३ | ५ | एकिकृत पाठ्यकक्रम customize तालि | ७०० | २००० | ३३१५ |
| | थानेश्वर गौतम | ३ | ५ | एकिकृत पाठ्यकक्रम customize तालि | ७०० | १६०० | २२९५ |
| ५९।२०८०।१०।०२ | हरिगेन्द्र सिंह | ११ | ११ | Onsite coaching | ७०० | ३५०० | २६१८० |
| जम्मा | | | | | | | ४६५५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,५५० |

७७ **स्वीकृत नभएको कार्यक्रम-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ मा सार्वजनिक निकायले कुनै पनि कार्य गर्दा कार्यक्रमको स्वीकृति सम्बन्धित पदाधिकारीबाट लिई मात्र गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायबमोजिम कार्य गर्दा सम्बन्धित पदाधिकारीबाट स्वीकृति लिएको देखिएन । यसरी स्वीकृति वेगर गरिएको कार्य नियमसम्मत नदेखिएको रु.

| भौ नं. | कार्यक्रम | खर्च रकम | किसिम |
|---|---|---|---|
| १२०।२०८१।१।२८ | क्षयरोग सम्बन्धी अभिमुखीकरण एवं घरदैलो खोज पडताल | ९१९१० | सशर्त चालु |
| | किशोर किशोरी स्वास्थ्य सेवा | ७९७५० | सशर्त चालु |
| ५९।२०८०।१०।०२ | CB-IMNCI सम्बन्धि कार्यक्रम | १९६६४० | सशर्त चालु |
| जम्मा | | ३६८३०० | |

| | |
|---|---|
| अनियमित भएको | ३,६८,३०० |

७८ **वितरणमुखी कार्यक्रमः**

वितरणमुखी कार्यक्रमः स्थानिय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जनसँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई

योजना कार्यान्वियन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। जुन योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्‍याउने देखिंदैन। उदाहरणका लागि केही योजना र कार्यक्रमहरु निम्नानुसार छन-

| गो.भौ.नं/मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| ५६३।२०८१।०३।२२ | आदिवासि जनजाति भाषा सास्कृतिक नृत्य | १००००० |
| ५९८।२०८१।०३।२३ | विविध कृषि कार्यक्रम | २००००० |
| ६००।२०८१।०३।२३ | पाईप खरीद | १००००० |
| ४।२०८०।१०।१८ | तोरी सुर्यमुखी र मौसमी तरकारी वितरण | १९४६५० |
| १७।२०८१।०२।०४ | जनजागरण कृषि तथा उपभोक्ता सहकारी संस्था लि | १४९९३० |
| २२।२०८१।०२।०४ | पौरखी कृषि सहकारी संस्था लि | २००००० |
| २०७।२०८०।१०।०७ | साल्पा सिलुचुङ संरक्षण तथा पर्यटन प्रवर्द्धन केन्द्र | २५०००० |
| २४१।२०८०।११।१० | कुलुङ युवा क्कव माघीमेला कार्यक्रम | ५५०००० |
| | कृषि प्रोत्साहन कार्यक्रम | १००००० |
| २१९।२०८०।११।०२ | च्याउ खेती प्रोत्साहन | ५०००० |
| ४०३।२०८१।०२।।०२ | ईन्द्रायणी युवा क्कव खेलकुद अनुदान | २००००० |
| ३५७।२०८१।०१।३० | बाँदर नियन्त्रण अभियान | २००००० |
| ४८ २०८१।०३।२१ | एक विद्यार्थी १० विरुवा लक्षित कार्यक्रम | ४९८२०५ |
| | योगमाया स्मृति प्रतिष्ठान सञ्चालन अनुदान | ५८०००० |

७९ **शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन-**

पालिकाको औषत शिक्षक विधार्थी अनुपात १:१३ रहेकोमा सार्वजनिक विधालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ र शिक्षक दरबन्दी ( मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार संघिय कानूनले तोके बमोजिम विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलानको कार्य सुरु गरेको देखिएन । तसर्थ पालिकाले विद्यालय समायोजन तथा शिषक दरबन्दी मिलानको कार्यमा तदारुकता कायम गर्नुपर्छ।

८० **विधालय र विधार्थी संख्याः**

पालिकाले तयार पारेको शैक्षिक सत्र २०८० को विवरण अनुसार देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छ

| क्र.सं. | विद्यालयको किसिम | विद्यालय संख्या | विधार्थी संख्या |
|---|---|---|---|
| १ | सामुदायिक विद्यालय | ४० | ३६५६ |
| २ | संस्थागत विधालय | १ | ६३ |
| जम्मा | | | ३७१९ |

उपरोक्त विवरण अनुसार पालिकाको जम्मा विधार्थी संख्या ३७१९जना रहेकोमा ९८.३० प्रतिशत सामुदायिक विधालय र १.७ प्रतिशत विधार्थी संस्थागत विधालयमा अध्ययनरत रहेको देखिन्छ ।

## ८१ सामुदायिक विधालयको दरबन्दी र पदपुर्ति-

पालिकाले उपलब्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ मा पालिका भित्रका ४० वटा सामुदायिक विधालयका शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था देहायबमोजिम रहेको छ ।

| विधालयको तह | स्वीकृत दरबन्दी संख्या | स्थायी पदपुर्ती | पदपूर्ति मध्ये राहत/करार | रिक्त दरबन्दी |
|---|---|---|---|---|
| प्राथमिक तह | ९७ | ८८ | ३४ | ० |
| निम्नमाध्यमिक तह | १२ | १० | १२ | ० |
| माध्यमिक तह | १९ | ११ | ९ | ० |
| जम्मा | १२८ | ११० | ५५(३९ राहत) | ० |

क्त विवरण अनुसार पालिकाका विद्यालयहरुमा जम्मा १२८ स्वीकृत दरबन्दी रहेकोमा सो मध्ये ११० जना स्थायी पदपूर्ति र ५५ जना करार र ३९ जना राहतबाट नियुक्त गरी जम्मा १२८ पद नै पदपूर्ति गरेको देखिन्छ। पालिकाले विधालय संख्याका आधारमा सृजना गरेका पदहरुमा स्थायी पदपूर्ति गरी सामुदायिक विधालयको शैक्षिक गुणस्तरमा सुधार गर्ने तर्फ थप ध्यान दिनुपर्ने देखिन्छ ।

## ८२ शिक्षक विधार्थी अनुपात-

संघीय व्यवस्था अनुसार विधार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ मा केही विधालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ ।

| क्र.स | विद्यालयको नाम | शिक्षक संख्या | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | विरेन्द्र मा.वि कुलुङ | १९ | ५५९ | १:३० |
| २ | सरस्वती आ.वि कुलुङ | ६ | ११९ | १:२० |
| ३ | ज्ञानोदय प्रा.वि कुलुङ | ३ | ६५ | १:२१ |
| ४ | सिहंमालिका प्रा.वि कुलुङ | ४ | ६७ | १:१७ |
| ५ | जनहित प्रा.वि कुलुङ | १ | ६ | १:६ |
| ६ | दिपज्योति प्रा.वि कुलुङ | १ | ९ | १:९ |
| ७ | ठोटनेरी मा.वि कुलुङ | १२ | १७९ | १:१५ |
| ८ | महांकाली प्रा.वि कुलुङ | ३ | ५७ | १:१९ |
| ९ | हिमालचरी प्रा.वि कुलुङ | ३ | ४९ | १:१६ |
| १० | बालकल्याण प्रा.वि कुलुङ | ३ | ४२ | १:१४ |

ालिकाले उपलब्ध गराएको विवरण अनुसार समग्र पालिकाका ४० वटा विद्यालयहरुमा २०४ जना शिक्षक र ३७१९ जना विधार्थी रहेकोमा औषत शिक्षक विधार्थी अनुपात १:१८ रहेको छ ।

## ८३ प्रति विद्यार्थी लागत-

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट/खर्च रकम रु. | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १५३२३६८९१ | ३७१९ | ४१२०३ |

परोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु ४१२०३ रहेको छ ।

८४ **सिकाई तथा डिजीटल सामग्री-**

कार्याक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विधालयलाई अनुदान दिँदा निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि तयार भएको पोर्टफोलियो, OJT गर्ने विद्यार्थी सङ्ख्या तथा विद्यालयले भरेको शैक्षिक तथ्याङ्कको प्रगति सुचकलाई मुल्याङ्कन गर्ने व्यवस्था छ । पालिकाबाट विभिन्न ४० वटा विद्यालयहरुको नाममा देहायबमोजिमको रकम निकासा भएको छ । तर उक्त रकमको सम्बन्धमा पालिकाबाट निरीक्षण गरी प्रतिवेदन प्राप्त भएको देखिएन । तसर्थ तोकिए बमोजिमको रकमको कार्य सम्पन्न भएको अनुगमन र निरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

| विद्यालय सं. | सिकाई तथा डिजीटल सामग्री | | | जम्मा अनुदान रु. |
|---|---|---|---|---|
| | बुक कर्नर अनुदान रु. | CAS अनुदान रु. | ECD व्यवस्थापन अनुदान रु. | |
| ४० | ५९६२५० | ३०००० | १६९००० | ७९५२५० |

८५ **शैक्षिक गुणस्तर-**

पालिका अन्तर्गत रहेका विद्यालयहरुको २०८१ सालको एस.इ.इ परीक्षामा जम्मा २१२ विद्यार्थीको सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहायबमोजिम रहेको छ ।

| क्र.सं. | कक्षा | जम्मा विद्यार्थी | उतिर्ण विद्यार्थी संख्या | | उतिर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | सस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | १० | २२५ | ० | ३७ | ० | १६।२९ |

ल्लेखित तालिका अनुसार २२५ विद्यार्थी मध्ये ३७ जना मात्र सामुदायिक विद्यालयबाट विद्यार्थी उतिर्ण भएको देखिन्छ । सामुदायिक विद्यालयमा देखिएको न्युन उतिर्ण प्रतिशतले सामुदायिक शिक्षा/ विद्यालयको गुणस्तर सुधारमा थप ध्यान दिनुपर्ने देखिन्छ ।

८६ **विद्यालय अनुगमन-**

**विद्यालय अनुदान निकासाको अनुगमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)मा सर्वमान्यतामा असर नपर्नेगरी पालिकाको काम कर्तव्य अधिकारको खण्ड (ज) (२१) मा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आयव्ययको लेखा, अनुशासन कायम र नियमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो अन्तरगत क्षेत्रभित्रका विद्यालयहरुले विद्यालय लेखामान दिग्दर्शन बमोजिम नगदी तथा जिन्सीको लेखा राखे नराखेको, कट्टी गरेको कर , नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष सम्बन्धित खातामा दाखिला गरे नगरेको, र नेपाल सरकारको २०७५।३।३२ को निर्णय बमोजिम विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी पारिश्रमिक सुविधा अनिवार्य रुपमा बैक खाता मार्फत भुक्तानी भए नभएको, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र आर्थिक लेखापरीक्षण गरे नगरेको जस्ता विषयहरु समेतलाई ध्यान दिई विद्यालय अनुगमन मापदण्ड निर्धारण गरी विद्यालयको नियमन गरेको प्रतिवेदन देखिएन । उल्लेखित विषयहरुलाई समेत आधार लिई अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गरिनुपर्दछ ।

**विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।०८१ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले आ.व.२०८०।८१ मा विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

**संस्थागत विद्यालय** - स्यानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायि, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ । पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड

निर्धारण गरी सोहि बमोजिम अनुगमन गर्नु पर्नेमा गरेको देखिएन । निजी विद्यालयहरुले शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन । पालिकाले आफ्नो कार्य क्षेत्रभित्र सञ्चालित संस्थागत विधालयको नियमित अनुगमन सुपरीवेक्षण तथा नियमन गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

८७ **सञ्चितकोषमा फिर्ता गर्नुपर्ने-**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.८.१ मा स्थानीय तहले विद्यालय र विद्यालयसँग मातृसम्बन्ध स्थापना गरी सञ्चालनमा रहेका प्रारम्भिक बालविकास शिक्षकको पारिश्रमिक रु. १००००/- को दरले , सामुदायिक विधालयमा सहयोगीका लागि मासिक रु. ८०००/- का दरले तथा सामुदायिक माध्यमिक विद्यालयमा थप एक जना विद्यालय सहायक कर्मचारीको मासिक रु. १३५००/- का दरले सशर्तबाट पारिश्रमिक दिने गरी संघीय सरकारले बजेट निकासा गरेको छ । साथै स्थानीय तहले उपरोक्त शिक्षक र कर्मचारीको पारिश्रमिक व्यवस्था गर्दा नेपाल सरकारले निर्धारण गरेबमोजिमको मासिक न्यूनतम पारिश्रमिकमा उल्लेखित रकममा नपुग हुने रकम थप गर्नुपर्ने व्यवस्था छ । सोही अनुरुप पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था बमोजिम तोकिएको भन्दा थप पारिश्रमिक व्यवस्था गर्दा आफ्नो आन्तरिक श्रोतबाट गर्नुपर्नेमा देहायबमोजिमका रकम संघीय सशर्तबाट खर्च लेखेको हुनाले बढी लेखिएको खर्च रकम रु ६८१२१७१।– मध्ये पालिकाको भौ नं ३६।२०८१।३।०६ बाट संघिय सशर्तबाट हुने रकम रु १५०९०००।– निकासा गरेको साथै पालिकाको भौ नं ५१।२०८१।३।२३ बाट दिवाखाजाको तेस्रो रकम निकासा गरेको रु. ८९३१६०/- घट्टाई बाँकी रकम रु ४४१००११/- संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ.न | रकम निकासा | संघिय सरकारतर्फ | पालिकातर्फ | कैफियत |
|---|---|---|---|---|
| १७।२०८०।६।२५ | ४६४३४०० | २६६०१८५ | १९८३२१५ | प्रथम निकासा |
| ५४।२०८०।९।१७ | ३५५२००० | २०४३००१ | १५०८९९८ | दोस्रो निकासा |
| १०५।२०८०।१२।१४ | ४२३२००० | २४२१०३९ | १८१०९६० | तेस्रो निकासा |
| १६८।२०८१।३।६ | ३५५२००० | २०४३००० | १५०८९९८ | चौथो निकासा |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,१०,०११ |

८८ **पाठ्यपुस्तक अनुदान-**

८८.१ कार्यक्रम कार्यान्वियन पुस्तिका,२०८०।८१ को कृयाकलाप नं २.८.३ को बुँदा नं क को १ मा स्थानीय तहले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा कक्षा १-१२ सम्मका विद्यालयहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गर्ने तथा विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थाका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । साथै यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत लाई मात्र अनुदान दिने तथा शैक्षिक सत्रमा भएको नयाँ विद्यालय भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोश्रो पटक अनुदान दिने व्यस्था छ । तसर्थ पालिकाले उपलब्ध गराएको पाठ्यपुस्तक वापतको अनुदान रकम बराबरको पाठ्यपुस्तक खरीद भर्ना भएको सम्पूर्ण विद्यार्थीहरुलाई पुग्ने गरी वितरण गरे नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

८८.२ कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ अनुसार स्थानीय तह अन्तर्गत स्थापित विद्यालयहरुले निशुल्क वितरणको लागि खरिद गर्ने पुस्तक पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको दररेटमा खरिद गरी वितरण गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा पालिकाबाट प्राप्त विवरण अनुसार देहायबमोजिमका विद्यालहरुले देहायका कक्षाको पाठ्यपुस्तक खरिद गर्दा पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको दररेटमा भन्दा बढी हुने गरी खरिद गरेको देखिएको हुनाले भएको बढी भुक्तानी सम्बन्धित पार्टीबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालय | कक्षा | पा.वि.के. दर रु. | विल दर रु. | बढी दर रु. | परिणाम | बढी भुक्तानी | विषय |
|---|---|---|---|---|---|---|---|
| बिरेन्द्र मा.वि -१ | ५ | ६३३.६ | ६४०.२ | ६.६ | २९ | १९१.४ | अनिवार्य विषय |
| | ८ | ८८२.२० | ८८७ | ४.८ | ८५ | ४०८ | अनिवार्य विषय |
| | ९ | ७७० | ८९९ | १२९ | ९५ | १२२५५ | अनिवार्य विषय |
| | १० | ९२४ | १०६५ | १४० | ६७ | ९३८० | अनिवार्य विषय |
| जम्मा | | | | | | २२२३४ | |
| सालेवा मा.वि- १ | १२ | ६७.६८ | ७१ | ३.३२ | ६० | १९९.२ | नेपाली |
| | ११ | ७७.७६ | ११९ | ४१.२४ | ६७ | २७६३.०८ | सामाजिक |
| | ११ | ६७.६८ | ६९ | १.३२ | ६७ | ८८.४४ | नेपाली |
| | १२ | १३३.२० | २०५ | ७१.८० | ६० | ४२०८ | सामाजिक |
| | ५ | ६३३.६० | ६४०.२० | ६.६ | ३९ | २५७.४ | अनिवार्य विषय |
| जम्मा | | | | | | ७५१६.१२ | |
| जाल्पा मा.वि- ३ | ५ | ६३३.६० | ६४०.२ | ६.६ | १८ | २५७.४ | अनिवार्य विषय |
| | ९ | ७७० | ८९९ | १२९ | ४६ | ५९३४ | अनिवार्य विषय |
| | १० | ९२४ | १०६५ | १४० | ५३ | ७४२० | अनिवार्य विषय |
| जम्मा | | | | | | १३६११.४ | |
| ठोटनेरी मा.वि- २ | ९ | ७७० | ८९९ | १२९ | १५ | १९३५ | अनिवार्य विषय |
| | १० | ९२४ | १०६५ | १४० | २५ | ३५०० | अनिवार्य विषय |
| | ५ | ६३३.६० | ६४०.२ | ६.६ | २ | १३.२ | अनिवार्य विषय |
| | ५ | ६३३.६० | ६४०.२ | ६.६ | १२ | ७९.२ | अनिवार्य विषय |
| जम्मा | | | | | | ५५२७.४ | |
| ईन्द्रावति मा.वि – ५ | ५ | ६३३.६० | ६४०.२ | ६.६ | ७ | ४६.२० | अनिवार्य विषय |
| | ९ | ७७० | ८९९ | १२९ | २३ | २९६७ | अनिवार्य विषय |
| | १० | ९२४ | १०६५ | १४० | ३० | ४२०० | अनिवार्य विषय |
| जम्मा | | | | | | ७२१३.२ | |
| चन्द्रावति आ.वि-५ | ५ | ६३३.६० | ६४०.२० | ६.६ | १० | ६६ | अनिवार्य विषय |
| जम्मा | | | | | | ६६ | |
| कुल जम्मा | | | | | | ५६१६८.५ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,१६८.१२ |

८९ **शैक्षिक गुणस्तर सुद्धीकरण -**

कार्याक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को कृयाकलाप नं २.७.१३.१३ को उपकृयाकलाप नं ९.५(च) मा स्थानीय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विद्यालयहरुको विवरण तयार गरी उक्त विद्यालयबाट प्रस्ताव माग गरी कम्पयुटर ऐच्छिक विषयका रुपमा अध्यापन गराएका एवंम शिक्षकको ICT का माध्यमबाट शिक्षण गर्न सक्ने क्षमता र तत्परता खुल्ने विवरणसहितको प्रस्तावको मूल्याङकन गरी विद्यालयहरुको छनौट गर्ने व्यवस्था छ । साथै स्थानीय तहले विद्यालयहरुले उल्लेखित विषय क्षेत्र समेटी स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयले सार्वजनिक खरिद ऐन र नियमावली तथा विद्यालय खरिद दिग्दर्शनअनुसारका प्रक्रियाहरु पूरा गरी सामग्री खरिद गर्न जोड दिनुपर्छ ।पालिकाले देहायबमोजिमका विद्यालयहरुलाई ICT ल्याब व्यवस्थापनको लागि बजेट निकासा गरेको छ । तर अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वियन गरे नगरेको नियमित रुपमा अनुगमन गरी सोको प्रतिवेदन एकप्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाएको देखिदैन ।तसर्थ विद्यालयले तोकिएको प्रयोजनमा अनुदान रकम खर्च गरे नगरेको सम्बन्धमा निरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

| **भौ नं** | **विधालय** | **अनुदान रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| | चन्द्रावती आधारभुत विद्यालय | ६५०००० | आ.इ.सि.टी ल्याब व्यवस्थापन |
| १४९।२०८१।२।२४ | लक्ष्मी साल्पा आधारभुत विद्यालय, दोभाने | ६५०,००० | विज्ञान प्रयोगशाला निर्माण |
| जम्मा | | १३००००० | |

९० **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा भएको व्यवस्था बमोजिम पालिकाले विद्यालयलाई उत्कृष्ट तथा सर्वोत्कृष्ट कार्यसम्पादनमा आधारित अनुदान विद्यालयले पेश गरेको कार्ययोजना तथा प्रस्तावको आधारमा उलपब्ध गराउनुपर्ने व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्राप्त अनुदान रकम विद्यालयले स्वीकृत प्रस्ताव अनुसारको क्रियाकलाप सञ्चालन गरी सोको आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने व्यवस्था छ । पालिकाले विद्यालय शैक्षिक गुणस्तर सुद्धीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन वापत बिरेन्द्र माध्यमिक विद्यालय, कुलुङ र सरस्वती आधारभुत विद्यालयलाई रु ३७०००००/- अनुदान उपलब्ध गराएको छ । तसर्थ विद्यालयले पेश गरेको कार्ययोजना अनुरुप कार्य गरे नगरेको पालिकाबाट प्रभावकारी अनुगमन गर्नुपर्छ ।

| **भौ नं** | **विद्यालय** | **अनुदान रकम रु.** | **कैफिय** |
|---|---|---|---|
| २८।२०८०।६।२६ | बिरेन्द्र माध्यमिक विधालय, कुलुङ | ५५०,००० | कार्यसम्पादनमा आधारित |
| ५३।२०८०।९।११ | विरेन्द्र माध्यमिक विद्यालय, कुलुङ | १०,००,००० | कार्यसम्पादनमा आधारित |
| १८६।२०८१।२।३० | विरेन्द्र माध्यमिक विधालय, कुलुङ | ३००,००० | कार्यसम्पादनमा आधारित |
| २०४।२०८१।३।१३ | विरेन्द्र माध्यमिक विद्यालय, कुलुङ | १४,५०,००० | कार्यसम्पादनमा आधारित |
| २४२।२०८१।३।२३ | सरस्वती आधारभुत विधालय, कुलुङ | २००००० | कार्यसम्पादनमा आधारित |
| ६४।२०८०।१०।०५ | बिरेन्द्र माध्यमिक विद्यालय, कुलुङ | २,००,००० | कार्यसम्पादनमा आधारित |

९१ **महंगी भत्ता**

मिति २०७९।०१।२१ गते अर्थ मन्त्रालयबाट जारी परिपत्र अनुसार स्वीकृत दरबन्दीमा करारमा नियुक्त कर्मचारीलाई महंगी भत्ता उपलब्ध दिन नसकिने व्यहोरा उल्लेख भएको छ । पालिकाले संघीय सशर्तबाट करार तर्फका रोजगार संयोजक श्री सरिता राईलाई १२

महिनाकै महंगी भत्ता दिएको देखिन्छ । यसरी कानुनी व्यवस्थाको अभावमा महंगी भत्ता वापत दिएको रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २४,००० |
|---|---|

९२ **स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ९३९ जना रहेका छन। पालिकाले कोटेशनबाट केवलेश्वर मेडी सपल्यार्सबाट रु. ९८०८३५/- (मु अ कर समेत) मा ११४२१ प्याकेट स्यानेटरी प्याड खरिद गरेको छ। खरिद गरिएको स्यानेटरी प्याड विभिन्न १२ विद्यालयहरुलाई विधालयमा भएको वास्तविक विद्यार्थी संख्याको मागको आधारमा वितरण नगरी सबै विद्यालयलाई विभिन्न दरले भरपाई मार्फत वितरण गरेको देखिन्छ । यसरी वितरण गर्दा वास्तविक माग भएको ठाउँमा प्याडको अभाव हुने तथा माग नहुने ठाउँमा प्याडको अनावश्यक भण्डारण हुने सम्भावना रहन्छ । तसर्थ पालिकाबाट वितरण गरिएका प्याडको भण्डारण तथा वितरण विद्यालयहरुले सही ढंगले गरेको नगरेको सम्बन्धमा पालिकाबाट प्रभावकारी अनुगमन हुनुपर्छ ।

९३ **शिक्षकको तलबभत्ता निकासा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा नमुना छनौटको आधारमा विद्यालयहरुको माग फाराम र निकासा परीक्षण गर्दा पालिकाले देहायबमोजिमका विद्यालयहरुको रकम बढी निकासा भएको देखिएकोले सो पुष्टी गर्ने आवश्यक कागजात पेश गर्नुपर्ने अन्यथा असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| **विद्यालयको नाम** | **त्रैमासिक** | **माग** | **निकास** | **फरक** |
|---|---|---|---|---|
| जल्पा माध्यमिक विद्यालय | | | | |
| दुर्गाराज राई | चौथो | १९४८४४ | २००२०८ | ५३६४ |
| दिल कुमारी राई | चौथो | १३०२५७ | १३३८७८ | ३६२१ |

| प्रमाण पेश नगरेको | ८,९८५ |
|---|---|

९४ **छात्रवृति वितरण कार्यक्रम-**

- कार्यक्रम कार्यान्वय पुस्तिका, २०८०।८१ को कृयाकलाप नं २.८.४ मा उल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृत्ति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दर अनुसार शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने तथा छात्रवृति अनुदान प्राप्त विद्यालयको विव्यसले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घ समेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान(छात्रवृति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृति पाउने छात्रछात्राहरुको नामवालीसहितको विवरण अधावधिक गर्ने तथा सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रुपमा टाँस्न लगाई सोही अनुरुप छात्रवृति वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न विद्यालयको नाममा निकासा पठाएको रकमको सम्बन्धमा पालिकाबाट प्रभावकारी ढंगले अनुगमन गरी सम्बन्धित विद्यार्थीहरुले तोकिएको छात्रवृत्ति पाए नपाएको यकिन गर्नुपर्छ ।
- मिति २०८०।१२।२७ गते बनाइएको अनुदान निकासा प्रतिवेदनको आधारमा भौ नं ११०।२०८१।१।६ बाट विभिन्न ४० वटा विधालयहरुलाई छात्रवृति वापत रु ७८४४००/- निकासा गरेको छ । यसरी गरिएको निकासामा विधार्थी संख्या पुन यकिन गरी विभिन्न २३ विधालयहरुको नाममा गएको बढी निकासा वापतको रकम रु २७७८००/- पालिकाबाट चैत्र, वैशाख, जेष्ठ र असार महिनाको छुट दिवा खाजा वापतको निकासा हुने रकमबाट सम्बन्धित विधालयहरुको नाममा कट्टा गरी बाँकी रकम मात्र भुक्तानी गरेको देखिन्छ ।

यसरी जुन शिर्षकमा बढी भुक्तानी भएको हो सो वापतको रकम सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्नेमा सो अनुरुप नगरी विधालयहरुले पाउने दायित्व रकमबाट कट्टा गरी कारोबार मिलान गरेको कार्य ठिक देखिएन । यसमा सुधार हुनुपर्छ ।

## ९५ विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान

कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.८.५ मा विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान दिदा विधालयमा उपलब्ध शैक्षिक सामाग्री र प्रयोगको अवस्था, निर्माण तथा अधावधिक भएका विद्यालय सुधार योजना संख्या, विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन, सञ्चालनमा रहेको MGML तथा बहुभाषिक विद्यालय संङ्ख्या र इन्टरनेट प्रयोग गर्ने विद्यालयको प्रगति सुचकलाई मुल्यांकन गर्ने व्यवस्था छ । पालिकाबाट विभिन्न ४० वटा विद्यालयहरुको नाममा देहायबमोजिमको रकम निकासा गरेको छ । तर उक्त रकमको सम्बन्धमा पालिकाबाट निरीक्षण गरी प्रतिवेदन प्राप्त भएको देखिएन । तसर्थ तोकिए बमोजिमको रकमको कार्य सम्पन्न भएको अनुगमन र निरीक्षण प्रतिवेदन पेश गर्नुपर्दछ ।

| विद्यालय सं. | विधालय सञ्चालन तथा व्यवस्थापन अनुदान | | | | जम्मा |
|---|---|---|---|---|---|
| | SIP अनुदानरु. | मसलन्द अनुदान रु. | सा.प.ले.प अनुदान रु. | Net अनुदान रु. | |
| ४० | ६३०००० | ७०५००० | ४३०००० | १६८०००<br>(१४ वटा) | १९३३००० |

## ९६ सामुदायिक सिकाई केन्द्र

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप न. २.७.१३.११ को उपक्रियाकलाप न. ६.७ मा वार्षिक साधारण सभा भए नभएको, साधारण सभाबाट बजेट र कार्यक्रम पास गरे नगरेको, गत आ.व को खर्च स्वीकृत गरे नगरेको, लेखापरीक्षण गरी प्रतिवेदन पेस गरे नगरेको तथा शैक्षिक सुचना व्यवस्थापन प्रणाली भरे नभरेको सन्दर्भमा स्थलगत निरीक्षण गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाबाट देहायबमोजिमको १ वटा सामुदायिक सिकाई केन्द्रको नाममा कार्याक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था बमोजिम संघिय सशर्त र पालिकाबाट देहायबमोजिमको अनुदान रकम निकासा गरेको छ ।तर उक्त रकमको सम्बन्धमा पालिकाबाट निरीक्षण एवं अनुगमन गरी सोको प्रतिवेदन पेश भएको देखिएन । त्यसैले तोकिए बमोजिमको कार्य सम्पन्न भएको रकमको अनुगमन एवं निरीक्षण प्रतिवेदन पेश हुनुपर्दछ ।

| क्र.सं | सिकाई केन्द्र | अनुदान रकम रु | | कुल जम्मा |
|---|---|---|---|---|
| | | तलब | विविध | |
| १. | चौकीडाँडा सामुदायिक सिकाइ केन्द्र | १३०००० | १२०००० | २५०००० |

## ९७ दिवा खाजा कार्यक्रम

९७.१ कार्याक्रम कार्यान्वय पुस्तिका २०८०।८१ को बुँदा नं २.८.७ को ग मा विद्यालय सञ्चालन हुनासाथ दिवा खाजा व्यवस्थापन गर्नुपर्ने भएकाले आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यालय सङ्ख्यालाई आधार मानि प्रति विद्यालयका लागि दैनिक रु १५ का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने तथा बुँदा नं घ मा दोस्रो त्रैमासिकदेखि स्थानीय तहले विद्यालय भौतिक रुपमा पूरा चलेको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराईएका विद्यालयको प्राधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यालयको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था मिलाउने व्यवस्था छ ।तर शिक्षा संयोजकको भनाई बमोजिम २०८० मा सफ्टवेयरमा भएको परिवर्तले फल्यास रिपोर्टको तथ्यांकमा परिवर्तन गरेको छ ।

९७.२ पालिकाले सशर्तको भौ नं ३९।२०८०।८।२६, भौ नं १११।२०८१।१।६ पालिकाको भौ नं ५१।२०८१।३।२३ बाट क्रमश रकम रु. १२,८९,२५५/-, रु. १८,१९,६७७/- र रु. ११,७०,९६०/- गरी जम्मा रु. ४२,७९,८९२/- रकम विद्यालयहरुको निकासा निकासा

गरेको विवरण पालिकाले उलब्ध गराएको छ । पालिकाले रकम निकासा गर्ने क्रममा विधार्थीको संख्या यकिन गर्दा लिएको तथ्यांक बमोजिम कक्षा १-५ सम्मको विधार्थीको कुल संख्या १७९३ रहेको देखियो ।यसरी प्रति विधार्थी दिवाखाजा रकम रु. २३८७.०० रहेको देखियो भन्ने औषतमा १५९.१३ दिन बराबर दिवा खाजा उपलब्ध गराएको देखियो । लेखापरीक्षणको मिति २०८१।०५।१४ गते इमिस प्रणालीबाट तत्कालीन शैक्षिक वर्ष २०८० मा अध्यावधिक विधार्थीको संख्या माग गरी नमुना छनौटको आधारमा परीक्षण गर्दा देखिएका केही व्यहोराहरु देहायबमोजिम छन । यसरी प्रणालीमा भएको परिवर्तले विधार्थी संख्या हेरफेर भएको र बढी नगएको सुनिश्चित हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा भएको बढी असुल गर्नुपर्ने रु.

| क्र.सं | विद्यालय | निकासा गर्दा लिएको विधार्थी संख्या आधार | २०८०।५।१४ गते निकालेको इमिस प्रतिवेदन बमोजिमको संख्या | फरक संख्या | रकम रु. |
|---|---|---|---|---|---|
| १. | जालपा प्रा.वि चौकीडाँडा | ३७ | १७ | २० | ४७७३९ |
| २. | लक्ष्मी साल्पा आ.वि | ४५ | १५ | ३० | ७१६०८ |
| जम्मा | | | | | ११९३४७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१९,३४७ |

९८ **विद्यालयलाई अनुदान** (4-२०८०-६-२४):

पालिकाले आ वि तथा माध्यामिक तह शिक्षक सञ्चालन अनुदान कार्यक्रम राखी तपसिलका विद्यालयहरुलाई तपसिल बमोजिमको रकम भुक्तानी गरेको देखियो । संघीय सशर्त अनुदान प्राप्त हुने विद्यालयहरुमा पालिकाले समानिकरण अनुदान प्रदान गर्दा शिक्षक दरबन्दी तथा पदपुर्ति संख्या र शिक्षक विद्यार्थी अनुपातलाई ध्यानमा राखि वितरण गर्नुपर्ने देखिन्छ ।

| सि नं | विद्यालयको नाम | रकम रु |
|---|---|---|
| १ | लक्ष्मी साल्पा आ वि | ३२५००० |
| २ | आईतवारे आ वि | १८२००० |
| ३ | जनमित्र २ जना | ७५०००० |
| ४ | जाल्पादेवि मा वि | ३२५००० |
| ५ | ईन्द्रावती मा वि | ३२५००० |
| ६ | ठोटेनी मा वि | ३२५००० |

९९ **वार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.श्र१२४६४०९१७.९५ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१०० **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले तपसिल बमोजिमको सफ्टवेयर खरिद गरी रु.४९६०७० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ

| क्र सं | कार्यक्रमको नाम | खरिद गरेको वर्ष | सफ्टवेयर खरिद खर्च | यो वर्षको वार्षिक मर्मत सम्भार खर्च | हाल सम्मको मर्मत सम्भार खर्च |
|---|---|---|---|---|---|
| १ | हेल्प डेस्क | २०८०।८१ | ४९६०७० | हेल्प डेस्क | २०८०।८१ |

१०१ **परामर्श तथा डि.पि.आर.**

१०१.१ बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | अध्ययनवाट निर्धारण भएका आयोजनाको लागत | कार्यान्वयन भए / नभएको (कार्यान्वयन भएको भए वजेट) |
|---|---|---|---|---|---|---|
| १ | DPR for Tele Education, E-Library and Educational Promotion Through Educational and Infrastructure Support Program | अन्नपूर्ण कुञ्ज ईन्जिनियरिङ्ग | ९९९६२६.२५ | ९९४४०० | ९२८००००० | कार्यान्वयन भई बजेट समेत प्राप्त भएको |
| २ | DPR for Dovan Phedi Motorable Road Ghumaune Gauin Road Section | भ्याली इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ९९९६६८.५९ | ९९५१२३ | १५०२३८२६६.३६ | |
| ३ | Bio Diversity Servey | सिलिचुङग कन्सल्टेन्सी सर्भिसेज प्रा.लि | ५,००,०००.०० | ४५०००० | | अन्तिम प्रतिवेदन पेश भएको |
| ३ | **हेवाखोला पुल** | Redox nepal | | **१४९१०००** | **८१५६९९४१।७५** | |
| **४** | O& M | White horse engineering services pvt ltd | | **२९७१९०** | | |
| **जम्मा** | | | | **४२२७७१३** | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

१०१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ उपनियम ४ को अनुसुची १(क) अनुसार परामर्श सेवा खरिदको लागत अनुमान तयार गर्दा कार्यालयको व्यवस्थापन खर्च ४ प्रतिशत दिन मिल्ने व्यवस्था गरेको छ । पालिकाले शैक्षिक क्षेत्र सुधार योजनाको लागत

अनुमान रु.९९९६२६ तयार गर्दा कार्यालय व्यवस्थापन वापत ५ प्रतिशत रु.४२१२५ राखी रु.९९४४०० अन्नपुर्ण कुञ्ज ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. लाई भुक्तानी गरेको छ । सार्वजनिक खरिद नियमावलीको व्यवस्था बमोजिक १ प्रतिशत बढी भुक्तानी भएको रकम रु.८४२५ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,४२५ |

१०२ **प्राविधिक बिल र कार्य सम्पन्नः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

१०३ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले नबील बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ।

- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम रीत पुगे नपगेको चेकजाँच गरी भुक्तानि दिनुपर्ने ब्यवस्था रहेको छ लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा यस वर्ष पालिकाले ५८७७४३०६ बैङ्क पठाएकोमा बैङ्कवाट ५८६९१२८८ भुक्तानि गरेको देखिएकोले रु ८३०१८ बढी भुक्तानि भएको देखिन्छ। सामाजिक सुरक्षा भत्ता वितरण गरेर बढी भुक्तानि भएको रकम असुल गर्नुपर्ने रु. ८३०१८
- पारदर्शिता कायम गर्नुपर्नेः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिशका आधारमा स्थानीय तहको सभामा पेश गर्नुपर्ने, स्थानिय तहले संचालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानिय तहको वेभसाइटमा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले समयमा पेश गरी चौमासिक र वार्षिक समीक्षा, खर्च समीक्षा गरी पालिकाको वेभसाइटमा राख्ने कानुनी परिपालना गरेको पाइएन। कानुन र कार्यविधिको परिपालन गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवद्र्धन गर्नुपर्दछ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८३,०१८ |

१०४ **प्रशासकीय भवन निर्माण**

ठेक्का नं.SRM/BN/NCB/03/080/81 साल्पासिलिछो गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यको लागि एमरेष्ट रिजन एण्ड रियाना मिसन एण्ड भिजन जे.भि. सँग रु.२३३५९५५५.७२ मा मिति २०८०।८।१७ गते खरिद सम्झौता भई २०८१।४।९ गतेभित्र निर्माण कार्य सम्पन्न गर्ने गरी कार्यादेश दिएकोमा ठेक्काको म्याद २०८०।१।१४ सम्म थप गरी हालसम्म जम्मा रु.१९२०८४४१ भुक्तानी दिएकोमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छनः

१०४.१ निर्माण कार्यतालिकाः उल्लेखित निर्माण व्यवसायि सँग भएको सम्झौताको विशेष शर्तको वुँदा ३४.३ मा निर्माण व्यवसायिले हरेक ४५ दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.१,००,००० का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायी एमरेष्ट रिजन एण्ड रियाना मिसन एण्ड भिजन जे.भि. ले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन। सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकीएको समयमा पेश नगरेकाले भुक्तानीवाट विथहोल्ड गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

१०४.२ कार्य सम्पादन जमानतः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११० मा स्वीकृत योजनाको बोलपत्रदाताले ऐनको दफा २७ को उपदफा ४ बमोजिम कार्य सम्पादन जामानत पेश गर्दा बाणिज्य बैकबाट जारि भएको कार्य सम्पादन जमानत पेश गर्नुपर्ने र त्यसरी पेश गरेको कार्य सम्पादन जमानतको मान्य अवधी त्यस्तो सम्जौतामा उल्लेखित कार्य सम्पन्न गर्नुपर्ने अन्तिम अवधी वा प्रत्याभूति(वारेन्टी) को अवधी वा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व (DLP) अवधी भन्दा कम्तीमा एक महिना बढी अवधीको उल्लेख छ । उक्त ठेक्काको कार्य सम्पादन जमानत वापत निर्माण व्यवसायीले प्रभु बैकको कार्य सम्पादन जमानत नं.P16601P0117201 बाट रु.११७०००० जम्मा गरेको २०८१।११।१६ सम्मको मान्य अवधी भएको जमानत पेश गरेको छ । ठेक्का २०८१।४।९ मा सम्पन्न गर्नुपर्ने सम्झौता भएकोमा सम्झौताको शर्त अनुसार कार्य सम्पादन जमानतको मान्य हुने अवधी ३६५ दिन अर्थात २०८२।५।८ सम्मको हुनुपर्नेमा कार्य सम्पादन जमानको म्याद ६ महिना २४ दिन कमको देखिन्छ । कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन । तसर्थ कानुनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

१०४.३ म्याद थपः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को उपनियम १ ऐनको दफा ५६ बमोजिमको अवस्था गरी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधीभित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रादायक वा परामरश्दाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु भन्दा कम्तीमा एक्काईस दिन अगाबै निर्धारित अवधीको कार्य सम्पादन जमानत, विमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक कागजात संलग्न राखी सार्वजनिक निकायमा पेश गर्नुपर्दछ । उपनियम २ मा (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित अधिकार प्राप्त अधिकारीले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्ने वा गराउन सक्नेछ । त्यसरी जाँचबुझ गर्दा वा गराउँदा उचित देखिएमा बोलपत्र स्वीकार गर्ने अधिकारीले अवधी र कारण खुलाई म्याद थप गर्न सक्ने व्यवस्था रहेको छ । गाउँपालिका प्रशासनिक भवन तथा सरस्वती गिरी राई स्मृति सभाहलको कार्य सम्पन्न गर्नुपर्ने म्याद २०८१।४।९ सम्म रहेकोमा कार्यपालिकाको मिति २०८०।१०।२९ को कार्य पालिका बैठकको निर्णय नं. १४ को प्रस्ताव नं.१६ मा छलफल गरी ५ महिना (२०८१।९।६) सम्मको लागि ठेक्काको म्याद थप गरेको देखिन्छ । ठेक्काको म्याद थप गरेतापनि कार्य सम्पादन जमानतको म्याद २०८१।११।१६ सम्म, पेश्की जमानतको म्याद २०८१।३।३० सम्म मात्र रहेको र वीमको पनि म्याद नियमावली तथा सम्झौतामा भएको व्यवस्था बमोजिम म्याद थप गरेको देखिएन । अतः निर्माण कार्यको जोखिम न्युनिकरण गर्न नियमावली तथा सम्झौतामा भएको व्यवस्था बमोजिम शर्तको पालना गरी बैक जमानत तथा वीमाको म्याद थप गरी मात्र ठेक्का म्याद थप गर्नुपर्दछ ।

१०४.४ एजबिल्ट नक्सा सार्वजनिक खरिद नियमावली,, २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त निर्माण कार्य ठेका लगाउँदा निर्माण कार्यको लागत अनुमानमा नै एज विल्ट नक्साको व्यवस्था गर्नुपर्नेमा सो गरेको पाइएन । GCC को 71.2 मा भएको व्यवस्था अनुसार कार्य सम्पन्न भएको तीस दिन भित्र एज विल्ट नक्सा पेश नगरेमा रु.२०००० बराबरको रकम Withhold गर्नुपर्ने व्यवस्था छ । तसर्थ निर्माण कार्य सम्पन्न पश्चात एज विल्ट नक्सा पेश गर्नुपर्दछ ।

१०४.५ ईट्टाको कामः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कामको स्विकृत नर्म्सको प्रयोग गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले तथार गरेको लागत अनुमानमा इट्टाको काममा प्रति घनमिटर ५६० इट्टा लाग्ने भनी दर विश्लेषण गरेको छ । उक्त निर्माण कार्यको स्थलगत निरीक्षण गर्दा दर विश्लेषणमा समावेश गरेको इट्टाको साइज भन्दा ठुलो साइज (१० इन्च.*५ इन्च.*३ इन्च)को इट्टा प्रयोग गरेको पाइयो । उक्त साइज अनुसार ईट्टाको कार्यमा प्रति घनमिटर ४०७ वाट ईट्टा मात्र खपत हुने देखिन्छ । जस अनुसार प्रति घनमिटर कार्यमा १५३ वटा इट्टा कम प्रयोग हुँदा प्रति इट्टा रु.३६.८० का दरले जम्मा

रु.५९९४६९ बढी भुक्तानी भएको देखिन्छ । अत बढी भुक्तानी भएको रकम अर्को रनिङ्ग विलमा समायोजन गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| ईट्टाको साइज अनुसार लाग्ने संख्या | नर्म्स अनुसार लाग्ने इट्टाको संख्या | फरक | प्रति इट्टाको दर | जम्मा कार्य परिमाण | जम्मा बढी रकम |
|---|---|---|---|---|---|
| ४०७ | ५६० | १५३ | ३६.८० | १०६.४७ | ५९९४६९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९९,४६९ |

१०५ **पूर्वनिर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावलीको नियम १२१(क) मा आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकीएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकम शुन्ना दशमलब शून्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने उल्लेख छ । पालिकाले देहायम उल्लेखित निर्माण कार्य ढिला गरी कार्यसम्पन्न भएकोमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने रु

| निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम | कार्यसम्पन्न गर्नु पर्ने मिति | कार्यसम्पन्न मिति | बढी दिन | क्षतिपूर्ति रकम |
|---|---|---|---|---|---|---|
| ओखरबोटे बलौटे भन्ज्याङ् हुँदै खोटाङ्ग जोड्ने बाटो | साल्पासिलिछौ कन्स्ट्रक्सन प्रा लि | 4471034.09 | २०८१।०१।३ | २०८१।०३।८ | ६७ | १४९७७९ |
| च्याक्सिला साल्पापोखरी हुँदै खोटाङ जोड्ने सडक | साल्पासिलिछौ कन्स्ट्रक्सन प्रा लि | 4575575 | २०८१।०१।३ | २०८१।०३।८ | ६७ | १५३२८१ |
| जम्मा | | | | | | ३०३०६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,०३,०६० |

१०६ **प्रदेश समपुरक अनुदानको अनुपात**

कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को वुँदा नं ४(२)मा छनौट भएका आयोजनामा प्रदेशले वढिमा ६५ प्रतिशत लागत साझेदारी र बाँकी स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका योजनामा रकम भुक्तानी गर्दा प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को प्रावधान विपरित प्रदेश सरकारको लागत साझेदारी ६५ प्रतिशत भन्दा बढी भएकोले प्रदेश सरकारबाट बढी भुक्तानी भएको रकम प्रदेश संचित कोष दाखिला दाखिला गर्नुपर्ने रु.

| **काम** | **प्रदेश सरकारको खर्च** | **गा.पा. बाट भएको खर्च** | **कुल भुक्तानी** | **गा.पा को हुनुपर्ने खर्च रकम** | **घटी खर्च रकम** |
|---|---|---|---|---|---|
| ओखरबोटे बलौटे भन्ज्याङ् हुँदै खोटाङ्ग जोड्ने बाटो | ३४४९०५० | ८९४२०७ | ४३४३२५७ | १५२०१४० | ६२५९३३ |
| च्याक्सिला साल्पापोखरी हुँदै खोटाङ जोड्ने सडक | ३१८०२४४ | १३६२९६२ | ४५४३२०६ | १५९०१२२ | २२७१६० |
| जम्मा | **६६२९२९४** | **२२५७१६९** | **८८८६४६३** | ३११०२६२ | ८५३०९३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५३,०९३ |

१०७ **प्रदेश समपुरक अनुदान उपभोक्ता समिति बार्पत कार्य**

कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को बुँदा नं.११(२) आयोना/कार्यक्रमको ठेक्का प्रक्रिया पारदर्शी र प्रतिस्पर्धात्मक गर्नका लागि ई-विडिङ अपनाउन सक्ने र विल भुक्तानी दिदा बैङ्कि प्रणालीको प्रयोग गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । साथै कार्यविधिको बुँदा नं. ९(१)(ग) मा समपुरक अनुदान वापत प्राप्त रकम खर्च गर्दा प्रचलित प्रदेश आर्थिक कार्यविधि ऐन तथा प्रचलित सार्वजनिक खरिद कानुनको व्यवस्थाको पूर्ण पालना गरी मितव्ययी र पारदर्शी किसिमले खर्च गर्नुपर्ने र यस्तो अनुदानको रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत खर्च गर्न नपाइने व्यवस्था गरिएको छ । तर पालिकाले प्रदेश समपुर अनुदानको ठेक्का प्रक्रियाबाट कम अंक कबोल भई बाँकी भएको रकम प्रदेश सरकारलाई फिर्ता पठाउनु पर्नेमा पालिकाले पुन लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत सोही योजनामा थप कार्य गराई खर्च गरेको छ । प्रदेश सरकारबाट अनुदान प्राप्त भएको योजनामा ठेक्का प्रक्रियाबाट कार्य गराई सकेको अवस्थामा पुन सोही योजनामा उपभोक्ता समितिबाट थप कार्य गर्दा योजनामा दोहोरो खर्च हुन सक्ने र कार्य दोहोरो हुन सक्ने भएकोले एउटै योजनमा दोहोरो भुक्तानी भए नभएको एकिन हुन सकिएन । प्रदेश समपुर अनुदान सम्बन्धी कार्यविधि २०७५ अनुसार खर्च नभएको रकम समपुरक कोषमा फिर्ता गर्नुपर्नेमा गाउँपालिकाबाट उपभोक्ता समिति र गाउँपालिकाको मेशिनरी औजार प्रयोग गरि उक्त रकम गाउँपालिकाको राजस्व खातामा आम्दानी बाँधिएको नियमसम्मत नदेखिएको रु.

| खर्च शीर्षक | गो भौ नं | उपभोक्ता समितिको नाम | कामको विवरण | | सम्झौता रकम |
|---|---|---|---|---|---|
| गापा पूँजीगतबाट समपुरक कोष | २१२/२०८१।३।२१ | ओखर बोटे बलौटे भञ्ज्याङ् हुँदै खोटाङ जोड्ने सडक निर्माण उपभोक्ता समिति | ओखर बोटे बलौटे भञ्ज्याङ् हुँदै खोटाङ जोड्ने सडक निर्माण कार्य | | २११२२६५ |
| प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | १४।२०८१।०३।२३ | गापाको खातामा आम्दानी बाँधिएको | च्याक्सिला साल्पा हुँदै सोलु जोड्ने सडक निर्माण | | १५००००० |
| **जम्मा** | | | | | **३६१२२६५** |

| | |
|---|---|
| अनियमित भएको | ३६,१२,२६५ |

## १०८ प्रदेश समपुरक अनुदान कन्टीन्जेन्सी खर्च

कोशी प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले जारी गरेको प्रदेश समपुरक अनुदान सम्वन्धि कार्यविधि २०७५ को बुँदा नं.११(५) समपुरक अनुदान संचालन गरिने परियोजनामा कन्टिन्जेन्सी वापतको लागतको २ प्रतिशत भन्दा बढी राख्न नपाउने व्यवस्था गरेको छ । प्रदेश समपुरकमा अनुदान प्राप्त रकम खर्च गर्न बाँकी गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गर्दा कन्टिन्जेन्सी ४ प्रतिशत राखी लागत अनुमान तयार गरेको छ । प्रदेश समपुर अनुदान सम्बन्धी कार्यविधि २०७५ अनुसार २ प्रतिशत मात्र खर्च गर्नुपर्नेमा बढी खर्च गरेको रकम रु.६७७३९ प्रदेश संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| सि.नं. | योजनाको नाम | लागत अनुमान | कन्टिन्जेन्सी कट्टा रकम | कन्टिन्जेन्सी कट्टा गर्नुपर्ने रकम | फरक रकम |
|---|---|---|---|---|---|
| १ | ओखरबोटे बलौटे भन्ज्याङ् हुँदै खोटाङ्ग जोड्ने बाटो | २११२२६५.१४ | ८०००० | ४२२४५ | ३७७५५ |
| २ | च्याक्सिला साल्पापोखरी हुँदै खोटाङ जोड्ने सडक | १५००८१६.१६ | ६०००० | ३००१६ | २९९८४ |
| जम्मा | | | | | ६७७३९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,७३९ |

## १०९ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको

परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

११० **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १७७।०८१।३।१३ | वडा न्. २ भित्रका खानेपानी व्यवस्थापन उपभोक्ता समिति | वडा न्. २ भित्रका खानेपानी व्यवस्थापन | १०५४४२० |
| २१०।०८१।३।२९ | वडन .१ वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति | वडन .१ वडा कार्यालय भवन निर्माण | १३४४००० |
| १५३।०८१।३।९ | वडा न ६ कार्यालय घडेरी निर्माण उपभोक्ता समिति | वडा न ६ कार्यालय भवनको घडेरी निर्माण | १८२४००० |
| २०८।०८१।३।२१ | भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | २५९२००० |
| ३४।०८०।११।१७ | भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | २३२१५६५ |
| ८४।०८१।१।३० | भवन निर्माण उपभोक्ता समिति | भवन निर्माण | १०३३८२९ |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

१११ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ९।०८०।७।२१ | फेदी च्याक्सिला सडक निर्माण उपभोक्ता समिति | फेदी च्याक्सिला सडक निर्माण | ४७७११७५ | Excavator | ४२४११९५ |
| ६६। ०८१र१र१४ | जनमित्र आ.वि. खेलमैदान निर्माण उपभोक्ता समिति | जनमित्र आ.वि. खेलमैदान निर्माण | ३३६००० | Excavator | ३२८३०६ |
| ८३।०८१।१।३० | कटहरे तिलुवारी खोल्याङ हुँदै ककुवा सम्म मोटर बाट निर्माण उपभोक्ता समिति | कटहरे तिलुवारी खोल्याङ हुँदै ककुवा सम्म मोटर बाट निर्माण | ४८०००० | Excavator | ५०००२५ |
| १२।०८०।८।१९ | चौकीडाडा खाटाम्मा सडक निर्माण उपभोक्ता समिति | चौकीडाडा खाटाम्मा सडक निर्माण | ३५०००० | Excavator | ३५०९३९ |
| ८८।०८१।२।२ | चौकीडाँडा मुल सडक स्तरोन्नती तथा नाली व्यवस्थापन उपभोक्ता समिति | चौकीडाँडा मुल सडक स्तरोन्नती तथा नाली व्यवस्थापन | ७४०४००० | Excavator | १५०३०२६ |
| ११०।०८१।२।२१ | उपभोक्ता समिति | मोटरबाटो सरसफाई तथा स्तरोन्नती | १४४०००० | Excavator | १२७३१९५ |
| १५०।०८१।३।५ | मेम्पाङ डिलखर्क सडक स्तरोन्नती उपभोक्ता समिति | मेम्पाङ डिलखर्क सडक स्तरोन्नती | ११५२००० | Excavator | ८४०६६१ |
| १८४।०८१।३।१६ | गाउँपालिका खेल मैदान निर्माण उपभोक्ता समिति | गाउँपालिका खेल मैदान निर्माण | १६३२००० | Excavator | २८९३२० |
| जम्मा | | | | | ९३२६६६७ |

११२ **जनश्रमदान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्याङ्कन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | उपभोक्ताले व्यहोर्ने १० % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|
| ८३।०८१।१।३० | कटहरे तिलुवारी खोल्याङ हुँदै ककुवा सम्म मोटर बाट निर्माण उपभोक्ता समिति | ५३०००६५ | ५३०००६५ | ५३००७ | २९४२ |
| ५।०८०।७।१ | कुलुङ स्वास्थ्य चौकी व्यवस्थापन | ४१३६४५.६३ | ४२७७१३.७६ | ४२७७१ | २८७०३ |
| | कुलुङ स्वास्थ्य चौकी व्यवस्थापन | १२०८७५ | १२०८७५ | १२८७५ | १२८७५ |
| ९।०८०।७।२१ | फेदी च्याक्सिला सडक निर्माण उपभोक्ता समिति | ५३०१५६९ | ५२७२३५१ | ५२७२३५ | ५४८८४ |
| १२।०८०।८।१९ | चौकीडाडा खाटाम्मा सडक निर्माण उपभोक्ता समिति | ३८५५४० | ३८५८९५.८७ | ३८५८९ | ३८५८९ |
| १५०।०८१।३।५ | मेम्पाङ डिलखर्क सडक स्तरोन्नती उपभोक्ता समिति | १२७२६३२.१७ | १२७५०१४.७१ | १२७५०१ | ४४८६ |
| ८२।०८१।३।१४ | वडा नं. ६ बाटो सरसफाई तथा स्तरोन्नती उपभोक्ता समिति | १८७१०३५.६७ | १८७१०३५.६७ | १८७१०४ | १६०७० |
| १८४।०८१।३।१६ | गाउँपालिका खेल मैदान निर्माण उपभोक्ता समिति | १८०४३०६.२९ | १८०४३०६.२९ | १८०४३१ | ८१२५ |
| जम्मा | | | | | १६६६७४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,६७४ |

११३ **याक्सा नागदह मोटरेबल पुल**

यस निर्माण कार्यको लागि श्री विकास एण्ड ब्रदर्श/आत्रेय/सारस जे.भि. को रु.६०५१५४०१ कबोल अंक स्वीकृत गरि मिति २०८०।१०।८ मा कार्यसम्पन्न गर्ने गरि मिति २०७७।१०।९ मा सम्झौता सम्पन्न गरेकोमा देखिएका ब्यहोरा देहायबमोजिम रहेको छः

११३.१ रितपूर्बकको कर बिजक – मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीले निर्माण कार्यको हालसम्म पेश्की रु.६००००००० र प्रथम रनिङ्ग वील वापत रु.३३८१६६३ जम्मा रु.९३८१६६३। भुक्तानी भएको छ । निर्माण कार्यको रकम भुक्तानी दिंदा सक्कल वील बिजक स्रेस्ता साथ राख्नु पर्नेमा बिजकको फोटोकपी मात्र राखेकोमा उक्त कारोबारको मु.अ.कर समायोजन पेश गर्नु पर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ११३.१.१ | श्री विकास एण्ड ब्रदर्श/आत्रेय/सारस जे.भि. | ३९१,२८४.२६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९१,२८४.२६ |

११३.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३(३) मा पेश्की दिदा वाणिज्य बैङ्कको जमानत पेश गर्नु पर्ने र वैङ्क जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्र्योट गर्नु पर्ने अवधि भन्दा कम्तीमा एक महिना भन्दा वढी अवधिको हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले उक्त ठेक्काको निर्माण कार्यको मिति २०८०।१०।८ बाट मिति २०८१।१०।८ सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीले संशोधित Work Schedule पठाएको भएतापनि उक्त समयमा कार्यसम्पन्न हुन सक्ने स्पष्ट आधार नभएको कारण Advanced payment guarantee जफत गर्ने र Performance Bond रोक्का राख्ने मिति २०८१।४।२७ को निर्णयमा उल्लेख गरिएको छ । तर हालसम्म बैंकबाट Performance Bond रोक्का एवं Advanced payment guarantee जफत गरी संघीय संचितकोषमा दाखिला भएको प्रमाण पेश नभएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,००,००० |

११३.३ वीमा : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । उक्त ठेक्काको वि.ओ.क्युमा पालिकाले वीमाको लागी एल.एस. मा रु.२०००००  को ब्यवस्था गरेको भएतापनि बीमा गराएको देखिएन । हाल बाढीको कारणले निर्मित संरचनामा क्षति पुगेको जानकारी प्राप्त भएकोमा क्षतिपुर्ति प्राप्त गर्ने अवस्था देखिएन । अत कानुनको पालना गरी जोखिम न्युनीकरण गर्नुपर्दछ ।

११३.४ याक्सा नागदह मोटरेबल पुलको HYSD bar of grade Fe 500 को मात्र रु.२८०४७६४।४३ र अन्य फुटकर कार्य वापत रु.४२६८९८. ७५ गरी जम्मा रु.३२३१६६३.१८ भुक्तानी लगेको छ । स्थलगत निरीक्षणको क्रममा निर्मित संरचना अवलोकन गर्दा केही रडका परिमाण भन्दा अन्य आईटमको समेत काम भएको भन्ने सम्बन्धमा आश्‍वस्त रहने अवस्था देखिएन । सम्बन्धित कर्मचारीसँग सोधपुछ गर्दा base level को काम भएको तर खोलामा आएको बाढीका कारण निर्मित संरचना सबै भत्किएको जानकारी प्राप्त भयो । उक्त निर्माण कार्यको बीमा समेत गराएको नदेखिएकोले निर्माण व्यवसायीले क्षतिपूर्ति प्राप्त गर्न सक्ने आधार देखिंदैन ।सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेखित ब्यवस्थाको अक्षरस पालना नगर्दा सार्वजनिक स्रोत साधनमा पुगेको क्षतिको क्षतिपूर्ति भराउन सम्बन्धित सबैलाई जिम्मेवार बनाउनु पर्दछ ।





**(विस्तृत विवरण बेरूजु दफा ११३.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

११४ **चौकिडाँडा आधारभूत अस्पताल निर्माण कार्यः**

चौकिडाँडा आधारभूत अस्पताल निर्माण कार्यः चौकिडाँडा आधारभूत अस्पताल निर्माण कार्यको लागि ओम बुद्ध शान्ति मच्छिन्द्र जे. भि. को रु.६६५२९९७७ को कबोल अंक स्वीकृत गरी मिति २०८०।०३।२६ मा कार्यसम्पन्न गर्ने गरी मिति २०७८।०३।२७ मा सम्झौता सम्पन्न गरेको छ । जस सम्बन्धमा देखिएका ब्यहोरा देहाय बमोजिम रहेको छः

११४.१ उपरोक्त निर्माण कार्यको कार्यपालिकाको निर्णय मिति २०८०।०३।२६ मा १ बर्षको लागी म्याद थप गरेको छ र उक्त समयमा समेत काम सम्पन्न नभएकोले पुनः कार्यपालिकाको मिति २०८१।०३।१८ को निर्णयले मिति २०८२।०३।२७ सम्म म्याद थप गरेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट बजेट ब्यवस्था हुन नसकेको कारण म्याद थप गर्नु परेको कारण देखाई म्याद थप गरेको छ । म्याद थप गर्दा सम्झौता र सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिमको आवश्यक प्रक्रिया पुरा गरी मात्र म्याद थपा गर्नुपर्दछ ।

११४.२

निर्माण कार्यको मिति २०८१।०३।२६ मा प्रथम रनिङ वील वापत रु ७९७८४९६ भुक्तानी दिएको छ । निर्माण कार्यको हालसम्म रु ४८००००० पेश्की बाँकी रहेको देखिन्छ । यसरी म्याद थपको प्रकृया पुरा नभएको अवस्थामा प्रथम रनिङ्ग वीलको रकम भुक्तानी दिएको र पेश्की कट्टी समेत नगरेको हुँदा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्थाको पुर्ण पालन गरी म्यद थप तथा भुक्तानी गर्नुपर्दछ ।

११४.३ चौकिडाँडा आधारभूत अस्पताल निर्माण कार्यको स्थलगत निरीक्षण गर्ने क्रममा Plinth Beam को परिमाण १८.६७ घन मीटर रहेकोमा प्रथम रनिङ्ग वील भुक्तानी भएको नापी किताबमा २१.४४ घन मीटर देखिएको छ । यसरी नापजाँच गर्दा देखिएको परिमाण भन्दा नापी किताबको परिमाण २.७७ घन मीटर बढी देखिएकोले उक्त आईटमको रु.१३००० का दरले रु.३६०१०। असुल गर्नु पर्ने देखिएको छ । साथै उक्त आईटम बाहेक अरु आईटमको सन्दर्भमा समेत गाउँपालिकाबाट यथार्थता यकिन गर्न पुनः नापजाँच गर्नु गराउनु पर्ने देखिएको रु.



**(विस्तृत विवरण बेरूजु दफा ११४.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,०१० |

११५ **थुक्पा बनाउने कार्यक्रम–**

**भौ नं ६६।२०८०।१०।०९** पालिकाले २०८०।९।२२ देखि २८ गते सम्म वार्ड नं ३ चौकीडाँडामा विभिन्न २९ जना प्रशिक्षार्थीहरुको सहभागितामा थुक्पा बनाउने कार्यक्रम संचालन गरी कुल रु ४,४३,९००।– खर्च गरेको छ । यस सम्बन्धि थप व्यहोरा देहायबमोजिम छनः

११५.१ **सहभागि छनौट**- पालिकाले लघु उधम अन्तर्गत थुक्पा बनाउने तालिम कार्यक्रम संचालन गरेको छ ।यसमा विभिन्न २९ जना व्यक्तिहरु छनौट गरी तालिम कार्यक्रम संचालन गरेको छ । छनौट भएको व्यक्तिहरको छनौट मापदण्ड तथा आधार बारे स्पष्ट रुपमा उल्लेख भएको छैन । भने तालिममा आवद्ध सहभागिहरु लघु उधम विकास कार्यक्रम संचालन कार्यविधि, २०७८ मा भएको व्यवस्था बमोजिम लक्षित समुह तथा वर्गहरु नै हो होइन सो बारे खुल्ने विवरण अधयावधिक गरी विवरण राखेको देखिएन ।

११५.२ **प्रशिक्षक भत्ता**- अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७७ को बुँदा नं. ७.१.१५ मा आवधिक रुपमा सञ्चालन गरिने सीप विकास तालिमका लागि बाहिरी स्रोत व्यक्तिको हकमा ३० कार्य दिन सम्म प्रतिदिनको रु. ७००/- र ३० कार्यदिन भन्दा बढी मासिक रु. १०,०००/- दिनु पर्ने उल्लेख छ । पालिकाले ७ दिने थुक्पा कटाई सम्बन्धी तालिममा प्रशिक्षक रु सन्जीव दाहाललाई प्रति दिन रु. ४०००/- को दरले रु. २८,०००/- भुक्तानी गरेको छ । जुन निर्देशिकामा उल्लेखित मापदण्ड भन्दा रु २१,०००/- बढि रकम हो । यसरी निर्देशिकामा तोकिएको भन्दा बढि लेखिएको खर्च करकट्टी पछी असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १७,८५० |

११५.३ कार्यक्रम स्वीकृती - गरिबी निवारण अन्तर्गतको लघु उधम विकास कार्यक्रम संचालन गर्नको लागि संघीय सरकारले सशर्त कार्यक्रम मार्फत शर्त सहित बजेट प्रदान गरेको हुन्छ । यसरी प्राप्त गरिएको बजेटमध्ये के कार्यक्रम के कति लागतमा कहिले संचालन गर्ने हो सो

सम्बन्धमा पालिकाले वार्षिक कार्यक्रम बाँडफाँड गरी स्वीकृत गरी सोही अनुरुप कार्यक्रम संचालन गर्नुपर्नेमा सो अनुरुप गरेको देखिएन । यसमा सुधार हुनुपर्छ ।

११५.४ **प्रविधिको खरिद-** तालिम कार्यक्रममा सहभागि प्रशिक्षार्थीहरुको जिवनस्तर माथि उकास्न तथा निजको आयस्रोतको माध्य मजबुत बनाउन निजहरुको मागको आधारमा प्रविधि खरिद गरी लघु उधम विकास कार्यक्रम संचालन कार्यविधि, २०७८ को बुँद्धा नं ३३ बमोजिम उधमीलाई कार्यक्रमको तर्फबाट बढीमा ८० प्रतिशत र उधमीको तर्फबाट कम्तिमा २० प्रतिशत लागत सहभागितमा प्रविधि खरिद गरी हस्तान्तरण गर्नुपर्नेमा सो अनुरुप नगरी पालिकाले नुडल्स बनाउने नुडल्स एक्सिट्युडर र डिहाइड्रेटर २० ट्रे मेसिन प्रति मेशिन रु.१२५०००/- र रु. ६५०००/- गरी कुल रु. २००,०००/- को लागतमा कोटेशनमार्फत सि.एन.बि ट्रेडर्स,बिराटनगरबाट खरिद गरी पालिकामै राखेको जानरकारी दिएको छ । यसरी हस्तान्तरण गर्ने गरी संघीय सरकारबाट प्राप्त भएको बजेटबाट मेसिन खरिद गरी पालिकामै राखि राखेको कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

११६ **प्रधानमन्त्री रोजगार कार्यक्रम-**

११६.१ **श्रमिकको छनौटको मापदण्ड-** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम श्रममा खटाइने श्रमिक बेरोजगार सुचिमा दर्ता भएको हुनुपर्छ ।दर्ता भएको सुचिकृतहरु मध्ये श्रमिकहरुबाट प्राथमिकताको आधारमा रोजागार दिई निजहरुको जिवनस्तरमा सुधार ल्याउनुपर्छ ।पालिकाको भनाई बमोजिम बेरोजगार सुचिमा ६५२ व्यक्तिहरुको नाम दर्ता भएको छ भन्ने ति मध्ये आ. व २०८०।०८१ मा ८०.११ जना श्रमिक खटाई काम गराएको छ । यसरी श्रमिक छनौट गर्दा निश्चित प्राथमिकताको सुचक केलाई आधार मानियो सो सम्बन्धमा केहि उल्लेख भएको देखिएन ।

११६.२ कार्यक्रमको दिगोपना- स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । पालिका अन्तर्गत ५ वडामा ६ योजना सञ्चालन गरी यस वर्ष ८०.११ जनालाई औसत १०० दिनले ८०११ दिन रोजगारी उपलव्ध गराई रु ५३,५१,३४८/- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

११६.३ **फरक नर्मसको प्रयोग-** सार्वजनिक कोषबाट कुनै खरिद कार्य गर्दा खरिदमा मित्वययिता र किफायतिपना कायम गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ जस्ता सारभुत कानुनहरु मौजुदा छन । उपरोक्त कानुनहरुले सार्वजनिक कोषको प्रयोगमा मित्वयियता सुनिश्तिता गर्न प्रस्तावना मार्फत मार्गदर्शन गरेका छन ।पालिकाले सडक सम्बन्धी निर्माणको कार्य गर्दा सडकको तथा भवन सम्बन्धी कार्य गर्दा भवनको नर्मस प्रयोग गरी कार्यलाई पुर्णता दिनुपर्छ ।तर प्रधानमन्त्री रोजगार अन्तर्गतको कार्यमा श्रमिक ज्यालको मात्र प्रयोग भइरहेको अवस्थामा तोकिएको निर्माण कार्यमा सडक विभागको नर्मसलाई टेकी कार्य गर्दा कतिपय कार्य किफायति ठंगले गर्न सकिन्छ तर सो अनुसार गरेको देखिएन। भवन विभागको नर्मसलाई प्रयोग गरी कार्य गर्दा देहायबमोजिमका केही कार्यहरुमा ज्यामी लागत बढन गई परियोजनाको लागत बढेको देखिन्छ । तसर्थ पालिकाले किफायती तबरले कार्य गर्न ध्यान दिनुपर्छ ।

| कार्य विवरण | कामको परिमाण घ.मि | भवन विभागको नर्मस ज्मायी | सडक विभागको नर्मस ज्यामी | फरक दर |
|---|---|---|---|---|
| Dry stone soling work( lead upto 30m) | प्रति घ.मि | १.५ | ०.४५ | १.०५ |
| Pcc(1:2:4)M-15 grade( Lead up to 30M) | प्रति घ.मि | ५ | २.२ | २.८ |
| Reinforcement work | प्रति घ.मि | ०.०२४ | ०.०१४ | ०.०१ |
| Stone Masonary in 1:6 c/s mortar ( lead upto 30m) | प्रति घ.मि | ७.४ | ५.४० | २ |
| Dry Stone Masonry( Lead up to 30M) | प्रति घ.मि | ३ | २.४ | ०.६ |

११७ **फरक शिर्षक**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा संघिय सशर्तको बजेट निश्चित प्रयोजनका लागि कार्य वा शर्त तोकी एक सरकारबाट अर्को सरकारलाई प्रदान गरिएको शर्त सहितको चालु अनुदान बापतको रकम हो। पालिकाले देहायबमोजिमको शिर्षकमा शर्त तोकि प्राप्त गरेको रकम त्यही प्रयोजनमा खर्च गर्नुपर्नेमा फरक शिर्षक हुने गरी गरेको खर्च कानुन सम्मत देखिएन ।तसर्थ यसरी शीर्षक फरक हुने गरी गरिएको खर्च नियमसम्मत नदेखिएको रु.

| भौ नं | खर्च लेख्नुपर्ने शिर्षक | खर्च लेख्नुपर्ने | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| २५४।२०८१।३।२४ | स्वास्थ्य तर्फका स्थायि कर्मचारी तलब | पोषण कार्यक्रम सम्बन्धी | ३२४००० | |
| २५३।२०८१।३।२४ | स्वास्थ्य तर्फका स्थायि कर्मचारी तलब | विविध तथा मसलन्द | ५१३६० | विभिन्न सामान खरिद गरेको बिल |
| २४१।२०८१।३।२२ | स्वास्थ्य तर्फका स्थायि कर्मचारी तलब | विविध तथा मसलन्द | १८०००० | समाग्रीको ढुवानी |
| २३०।२०८१।३।२१ | स्वास्थ्य तर्फका स्थायि कर्मचारी तलबब | प्रशासनिक खर्च | ७९९९९९ | ८ थान ल्यापट खरिद गरेको |
| २१५।२०८१।३।१६ | स्वास्थ्य तर्फका स्थायि कर्मचारी तलब | प्रशासनिक खर्च | ९९२७९५ | औषधिजन्य समाग्री खरिद |
| ९७।२०८०।१२।१४ | स्वास्थ्य तर्फका स्थायि कर्मचारी तलब | विविध तथा मसलन्द | २२२८० | विभिन्न सामान खरिद गरेको बिल |
| जम्मा | | | २३७०४३४ | |

| | |
|---|---|
| अनियमित भएको | २३,७०,४३४ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : साल्पासिलिछो गाउँपालिका, भोजपुर , साल्पासिलिछो गाउँपालिका , भोजपुर

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | MADHAV KUMAR ADHIKARI | २०७९-६-७ | २०८०-११-२० |
| कार्यालय प्रमुख | अनिस काफ्ले | २०८०-११-२२ | |
| कार्यालय प्रमुख | बुनु राई | २०८१-६-७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | झक्क अधिकारी | २०८०-१२-१५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | पवन खनाल | २०८०-४-१ | २०८०-१२-१५ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,२२७,३५३.१२ | १२,२९१,२७३.१ | १२,७०८,३९५.०२ | ० | ० | ७१,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | २७,२९८,०२१.२४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | २७,२९८,०२१.२४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५१२७२३७१.३३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २७१७८८५२० | चालु खर्च | २६५६१०७४३.५२ |
| प्रदेश सरकारबाट अनुदान | २०२४५५०५ | पूँजीगत खर्च | १२४६४०९१७.९५ |
| राजश्व बाँडफाँट | ६५७८१६४८.८९ | वित्तीय/अन्य व्यवस्था | ९५५६७७२३.१९ |
| आन्तरिक आय | १५३३०९१९.८१ | | |
| अन्य आय | ८४०५३६५८.८५ | | |
| कुल आय | ४५७२००२५२.५५ | कुल खर्च | ४८५८१९३८४.६६ |
| बाँकी मौज्दात | | २२६५३२३९.२२ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकिकृत आर्थिक विवरण

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थानीय निकायले भर्नुपर्ने विवरण | | | | | | | |
| आयव्यय विवरण | | | | | | | |
| आ.व २०८०।०८१ | | | | | | | |
| साल्पासिलिछो गाउँपालिका | | | | | | | |
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ५१२७२३७१ | १ | चालु खर्च | | २६५६१०७४४ |
| | क) बैङ्क (विभाज्य कोष) | ३८९७०७ | | २ | पूँजीगत खर्च | | १२४६४०९१८ |
| | ख) बैँक (संचित कोष खाता) | ४९६१४३०५ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | ० |
| | ग) बैंक (विविध खर्च खाता) | ९५१९०८ | | | क) ऋण भुक्तानी | | |
| | घ) बैंक (धरौटी खर्च खाता) | ८५००० | | | ख) ब्याज भुक्तानी | | |
| | ङ) बैंक (प्रकोप व्यवस्थापन खाता) | २३१४५१ | | | ग) अन्य भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ८१११२५६९ | ४ | लगानी | | |
| | क) आन्तरिक राजस्व गाउँपालिका | १५३३०९२० | | | ऋण लगानी | | |
| | ख) राजस्व बाँडफाँड (संघीय/प्रदेश ) | ६५७८१६४९ | | | शेयर लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २७१७८८५२० | ५ | धरौटी फिर्ता | | १३६७००० |
| | क) वित्तिय समानीकरण अनुदान | ६९१९२००० | | ७ | कार्यसञ्चालन कोष खाताको खर्च | | ११७४४७२३ |
| | ख) सशर्त अनुदान | ######## | | ८ | मौज्दात | | २२६५३२३९ |
| | ग) समपूरक अनुदान | ५२५०००० | | | क) बैँक मौज्दात (संचित कोष खाता) | १८५५८६६६ | |
| | घ) विशेष अनुदान | ९१५७५२० | | | ख) बैंक मौज्दात (धरौटी खर्च खाता) | १६७३६९७ | |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २०२४५५०५ | | ग) बैंक मौज्दात | ८७७८६६ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | (विविध खर्च खाता) | | |
| | क) वित्तिय समानीकरण अनुदान | ४२३१००० | | | घ) बैंक मौज्दात (प्रकोप व्यवस्थापन कोष) | ६२६५३० | |
| | ख) सशर्त अनुदान | ७५३३००० | | | ङ) बैंक मौज्दात (विभाज्य कोष खाता) | ९१६४८० | |
| | ग) समपुरक अनुदान | ८४८१५०५ | | ९ | शसर्त अनुदान (फिर्ता संघ प्रदेश दुवै) | | १३८९८१९८ |
| | घ) विशेष अनुदान | ० | | | क) संघिय शर्सत अनुदान चालु | ८६३१४५३ | |
| ५ | अन्तर सरकारी अख्तियारीबाट प्राप्त | | ६८५५७८०२ | | ख) संघिय सर्सत अनुदान पुजिगत | ४९०४५१८ | |
| | क) सामाजिक सुरक्षा तथा संरक्षण | ५८७७४३०६ | | | ग) प्रदेश शर्सत अनुदान चालु | १४०९२० | |
| | ख) एकिकृत स्वस्थ पुर्वधार कार्यक्रम | ७९७८४९६ | | | घ) प्रदेश सर्सत अनुदान पुजिगत | २२१३०७ | |
| | ग) अन्य कार्यक्रम | १८०५००० | | | | | |
| ६ | अन्य विविध प्राप्ति | | १२०१३३८७ | | | | |
| | क) PLGSP बाट प्राप्त | २०९७६९ | | १० | एकिकृत स्वस्थ पुर्वधार कार्यक्रम | | ७९७८४९६ |
| | ख) जनसहभागिता (नगद) | २४३९०४० | | ११ | सामाजिक सुरक्षा भता खर्च | | ५८७७४३०६ |
| | ग) सडक बोर्ड | १४००००० | | १२ | अन्य कार्यक्रम खर्च | | १८०५००० |
| | घ) नेपाल दुरसञ्चार प्राधिकरण | २८०८२०० | | | | | |
| | ङ) प्रकोप व्यवस्थापन कोष | ३०००००० | | | | | |
| | च) अपाङ्गता रोकथाम तथा पुनस्थापना | १८५००८५ | | | | | |
| | छ) अन्य विविध आम्दानी | ३०६२९३ | | | | | |
| ७ | विभाज्य कोष आम्दानि | | ५२६७७३ | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | धरौटी खर्च खाताको प्राप्ति | | २९५५६९७ | | | | |
| | जम्मा | | ५०८४७२६२४ | | जम्मा | | ५०८४७२६२४ |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।